मजदुर
The Worker Daily दैनिक
- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरूसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

वर्ष : २६ ★ अङ्क : २६ ★ ने. सं. ११४४ शिल्ला थ्व, नवमी ★ आइतबार ★ ६ फागुन, २०८० ★ February 18, 2024, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

शैक्षिक क्षेत्र पनि भ्रष्टाचारबाट अछुटो छैन

भक्तपुर ५ फागुन । गणेश माध्यमिक विद्यालय भार्वाचोको ४० औँ वार्षिकोत्सव तथा भवन समुद्घाटन कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) ले देशको शैक्षिक क्षेत्र पनि भ्रष्टाचारबाट अछुटो नभएको चर्चा गर्दै शिक्षकको नियुक्ति, सरुवा बढुवालगायतका क्षेत्रमा भ्रष्टाचार व्याप्त भएकोले आज शिक्षा क्षेत्र कमजोर भएको बताउनुभयो ।

माध्यमिक तहसम्म सञ्चालन भएका विद्यालयमा मावि दरबन्दी एउटा पनि नहुनुबाट सरकार शिक्षा क्षेत्रबाट पन्छिएको पुष्टि भएको उल्लेख गर्दै सरकारी विद्यालयको स्तरोन्नतिको लागि स्थानीय तह र समुदायसँगको सहकार्य आवश्यक भएको बताउनुभयो ।

कामदारवर्गका छोराछोरी पढ्ने विद्यालयका अभिभावकहरू बिहानैदेखि काममा जानुपर्ने भएकाले सरकारले बिहान र साँझको समयमा समेत शिशु कक्षाहरू सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको उहाँले बताउनुभयो ।

स्थानीय जनताले अभिभावकीय भूमिका निभाएका सरकारी विद्यालय राम्रो हुने उदाहरण गणेश माविले देखाएको बताउँदै उहाँले असल र देशभक्त नागरिक तयार गर्न शिक्षकहरू लागिपर्नुपर्नेमा जोड दिनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईले पञ्चायती व्यवस्थाको अन्त्य भए तापनि पञ्चायती प्रवृत्ति र शैली गणतान्त्रिक सरकारमा देखिरहेको चर्चा गर्दै सरकारमा गएका पार्टीका नेता कार्यकर्ताहरूको लगानी भएका निजी कलेज र विद्यालयहरू बिलाउने डरले सरकारी विद्यालयप्रतिको चासो हराएको बताउनुभयो ।

कर्णाली प्रदेशका विद्यालयहरू विद्यार्थीन्य हुँदै गएको समाचारले देशलाई युवाविहीन मात्र नभई बालबालिकाविहीन पनि बनाइरहेको चर्चा गर्नुभयो ।

उहाँले एमाले, काङ्ग्रेस र माओवादीको अकर्मण्यताको कारण देशले दुर्गति भोग्नुपरेको बताउँदै नयाँ पुस्तामार्फत सचेतना फैलाउन सङ्घर्ष गर्न आवश्यक छ भन्नुभयो ।

वाग्मती प्रदेशका सांसद सृजना सैजूले द्वैध शिक्षा नीति रहेसम्म दुई किसिमको शिक्षा रहने बताउँदै कामदार वर्गका छोराछोरी पढ्ने विद्यालयलाई राज्यले अपहेलित गरिरहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले शिक्षा विधेयकले शिक्षकको मौलिक राजनैतिक अधिकार खोस्न लागेको चर्चा गर्दै अन्याय अत्याचारविरुद्ध बोल्न र देशभक्तिपूर्ण विचार राख्न पाउनुपर्छ भन्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रवीन्द्र खर्बुजाको सभापतित्वमा सम्पन्न कार्यक्रममा श्यामकृष्ण खत्री, हिमालयश्वरलाल मूल, रोसराज तुईतुईले पनि विचार राख्नुभयो ।

विद्यालयका प्रधानाध्यापक गणेशराम थुसाले विद्यालयका प्रतिवेदन प्रस्तुत गर्नुभयो भने लक्ष्मीसुन्दर सुवाल र सुशीला न्याइच्याईले पनि बोल्नुभयो ।

कार्यक्रममा विद्यालयलाई आर्थिक भौतिक सहयोग गर्ने महानुभाव तथा शिक्षकशिक्षिकाहरूलाई सम्मान गरिएको थियो । उत्कृष्ट खेलाडी तथा प्रथम, द्वितीय र तृतीय भएका विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको थियो । सांस्कृतिक कार्यक्रम पनि देखाइएको थियो ।

व्यापक जनतालाई सचेत र सङ्गठित नगरिएसम्म क्रान्ति सफल नहुने

भक्तपुर ५, फागुन । नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा नेपाल क्रान्तिकारी युवा सङ्घ भक्तपुर जिल्ला समितिले शनिबार 'रुसको डिसेम्बर विद्रोह' पुस्तकको अध्ययन गोष्ठी सम्पन्न गऱ्यो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले पार्टी कार्यकर्ताहरूले संसारको विषय थाहा पाउन पार्टी प्रकाशन अध्ययन गरी अध्ययन र अन्तरक्रियालाई जोड दिनु जरुरी रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नयाँ पुस्ताका युवालाई अध्ययन र अन्तरक्रियाको साथै विभिन्न भाषाको ज्ञान पनि हुनुपर्दछ । साहित्य र संस्कृतिको फाँटमा पनि युवाहरूले आफ्नो गतिविधिलाई अगाडि बढाएर जनताको सेवा गर्नु जरुरी छ । देशका विभिन्न ठाउँमा गएर जनताको सेवा गर्नुपर्छ ।"

उहाँले थप्नुभयो, "मार्क्सवाद विश्वव्यापी दर्शन हो । संसारका मजदुर र किसानको हित मार्क्सवादले मात्र गर्छ । मार्क्स र एङ्गेल्सले 'कम्युनिस्ट घोषणापत्र' लेखेर पुँजीवादको विकास, उत्थान र पतनको नियमबारे व्याख्या गर्नुभयो ।"

नेपाल मजदुर किसान पार्टीले बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलन गरेर शोषित पीडित जनताको पक्षमा आफ्नो स्थापनाकालदेखि नै काम गर्दै आएको प्रमुख अतिथि सुवालले बताउनुभयो ।

सांसद सुवालले डिसेम्बरवादी विद्रोहीहरूले युरोपमा भएको सामान्तवादीविरोधी आन्दोलन र विकासबाट प्रभावित भई रुसमा पनि प्रजातन्त्रको निम्ति सङ्घर्ष गरेको उल्लेख गर्दै व्यापक जनतालाई सचेत र सङ्गठित नगरेसम्म क्रान्ति र विद्रोह सफल नहुने शिक्षा डिसेम्बर विद्रोहबाट सिक्नु जरुरी रहेको उल्लेख गर्नुभयो ।

उहाँले एक व्यक्तिमात्र क्रान्तिकारी भएर नपुग्ने भएकोले परिवारका परिवार क्रान्तिको निम्ति तयार हुनु जरुरी रहेको उल्लेख गर्दै कार्यकर्ताहरूले आफ्नो परिवार र समाजमा पनि क्रान्तिको विचार फैलाउन क्रियाशील रहनु जरुरी रहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घ भजिसका अध्यक्ष मिनबहादुर बाटाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा गणेशप्रसाद सुवाल, प्राध्यापक विश्वमोहन जोशी, नेक्रायुसङ्घका राजकुमार लघु, रमेश वैद्य, सङ्गीता नेपाली, मुना बासुकला, रामकृष्ण प्रजापति, रुपेश कर्माचार्य, दिनेश प्रधान, गोपालसुन्दर गोसाई, सिद्धिराम सुवाल, राजाराम बासी, जगतराम धुख्वालगायतले पुस्तकबारे आ-आफ्नो विचार प्रस्तुत गर्नुभयो ।

विद्यालय उच्च शिक्षा हासिल गर्ने जग

भक्तपुर, ५ फागुन । प्रभात इङ्गलिस सेकेन्डरी स्कूलमा भइरहेको तीनमहिने मन्टेश्वरी तालिमको समापन तथा प्रमाणपत्र वितरण शनिबार सम्पन्न भयो ।

उक्त कार्यक्रममा सांसद एवम् विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम सुवालले विद्यालय उच्च शिक्षा हासिल गर्ने जग हो, जग नै राम्ररी तयार गर्नुपर्छ भन्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका सदस्य गौतम लासिवाले बालबालिकालाई गाली नगरी अभिप्रेरित गर्नुपर्छ भन्नुभयो ।

समितिका अर्का सदस्य रोशनमैयाँ सुवालले विद्यार्थीहरूलाई सही मार्गमा हिँडाउने मुख्य स्थान विद्यालय नै हो भन्नुभयो । प्रशिक्षक देवना जोशीले मन्टेश्वरी शिक्षाको आवश्यकताबारे चर्चा गर्नुभयो ।

शिक्षिका सविना दथेपुथेले स्वागत गर्नुभएको सो कार्यक्रममा बुद्धलक्ष्मी गोर्खाली र सविना दथेपुथेले तालिमको अनुभव बताउनुभयो ।

अध्यक्ष अतिथि सुवालले प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

भिजिट तथा पर्यटक भिसामा विदेश यात्रा गर्दा आवश्यक पर्ने कागजातहरु

अनुमति प्राप्त मुलुकहरुमा पर्यटकको रुपमा जाँदा भिजिट तथा पर्यटक भिसामा देहायका कागजात आवश्यक पर्दछः

- कम्तीमा ६ महिनाको वैध अवधि भएको राहदानी,
- सम्बन्धित देशको प्रवेषाज्ञा(Visa),
- दुईतर्फी हवाई टिकट,
- भ्रमण अवधिभरको होटल बुकिङ वा आफन्तसँग बस्ने भए एकाघरका तीन पुस्ताभित्रको नाता खुल्ने प्रमाण,
- भ्रमण खर्च व्यहोर्ने संस्थाको निमन्त्रणा पत्र वा कम्तीमा ५०० अमेरिकी डलर बराबरको नगद सटहीको प्रमाण,

नेपाल सरकार
विज्ञापन बोर्ड

सहलहमा सहकारी चुनौती विषयमा अन्तरक्रिया

भक्तपुर, ५ फागुन । सहलह बचत तथा ऋण सहकारी संस्था शिक्षा उपसमितिको आयोजनामा सहकारी संस्थाहरूको समस्या र चुनौती विषयमा शनिबार अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं भनपा ७ वडाका वडाध्यक्ष उकेश कवांले समुदायमा आधारित सहकारी संस्था व्यापार गर्ने हिसाबले सञ्चालन नगरी समाजवादी अवधारणाअनुसार जनताको सेवा गर्ने उद्देश्यले काम गर्नुपर्ने कुरा राख्नुभयो ।

उहाँले सहकारी व्यक्तिगत हिसाबले भन्दा सामूहिक भावनाबाट काम गर्नुपर्ने हरेक हप्ताजस्तो अन्तरक्रिया गरी सहकारी संस्थाको समस्या कमी कमजोरी औँल्याई समाधानका उपायहरू निकाल्नुपर्नेमा जोड दिनुभयो । अतिथि कवांले सहकारीले अनुत्पादक क्षेत्रमा भन्दा उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सुझाव दिदैँ सहकारी संस्थाले जनतालाई बुद्धिजीवीकरण गर्न पुस्तकालय सञ्चालन, अध्ययन संस्कृतिको विकास गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

संस्थाका कानुनी सल्लाहकार पुरूषोत्तम ग्वाछाले सहकारी संस्थाले सदस्यको सेवालाई भन्दा नाफालाई बढी प्राथमिकता दिएको सहकारीमा विधिसम्मत ढगले सहकारी सञ्चालन नभएको जनताको बचत रकम व्यक्तिगत व्यवसायमा प्रयोग गरेको र सदस्यहरू बढी ब्याजमा फासेका चुनौतीहरू रहेको विचार राख्नुभयो ।

शिक्षा उपसमितिका संयोजक प्रवीण तजलेको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा संस्थाका अध्यक्ष श्याम तजले, रामप्रसाद ग्वाछा, राकेश ग्वाछा, अनिल बागलगायतले सहकारीका चुनौतीहरूबारे आफ्नो भनाइ राख्नुभएको थियो ।

भक्तपुर साकोसमा मकवानपुर जिल्ला बचतको अध्ययन भ्रमण

भक्तपुर, ५ फागुन । भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि. मा मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि.बाट सङ्घमा आबद्ध २५ वटा सहकारी संस्थासहितको टोलीले शनिबार अध्ययन भ्रमण गऱ्यो ।

कार्यक्रममा संस्थाका अध्यक्ष निर्मल प्रजापतिले सहकारीको दिगो विकासको लागि संस्थाका जिम्मेवार व्यक्तिहरू सदैव सृजनशील, लगनशील, पारदर्शी र प्रतिबद्ध हुनुपर्ने बताउनुभयो ।

संस्थाले समाजमा अरूभन्दा भिन्न तरिकाले सदस्यहरूलाई सेवा सुविधा दिन सके समाजसँग सामीप्यता बढ्ने, विश्वास बढ्ने धारणा राख्दै उहाँले केही सहकारीको बदमासीले सम्पूर्ण सहकारी क्षेत्र नै जोखिममा परेको तथा समाजमा भ्रम फैलाउने दुस्प्रयास भइरहेको तर्फ सतर्क हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी सङ्घ, मकवानपुरका अध्यक्ष कल्पना श्रेष्ठले अध्ययन भ्रमणको प्रमुख उद्देश्य विभिन्न सहकारी संस्थाका ऋण अधिकृत तथा ऋणसँगसम्बन्धी कर्मचारीहरूलाई अन्तर जिल्लाका संस्थाको अध्ययन गराई आफ्नो संस्थामा अझ परिष्कृत तरिकाले ऋण लगानी गर्न सकोस् भन्ने रहेको बताउनुभयो ।

उहाँले भक्तपुरले जस्तै आफ्नो जिल्लाका विभिन्न ठाउँ परिवेशअनुसारको लोपोन्मुख भएका संस्कृतिको उत्थानका लागि सहकारी संस्थाले पहल गर्नुपर्ने सुझाव दिनुभयो ।

अध्ययन टोलीका सदस्यहरूले आ-आफ्ने जिज्ञासा राख्नुभएको उक्त कार्यक्रममा संस्थाका व्यवस्थापक सत्यनारायण साँयजूले संस्थाका गतिविधिहरूबारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

६ जना पत्रकार पुरस्कृत

काठमाडौँ, ५ फागुन । नेवा: पत्रकार राष्ट्रिय दबूले यस वर्ष ६ जना पत्रकारलाई विभिन्न पत्रकारिता पुरस्कार प्रदान गरेको छ । पत्रकार राष्ट्रिय दबूको शनिबार राजधानीको विजयश्वरीस्थित नेपालभाषा मंका खल:को सभाहलमा भएको १२ औँ साधारणसभामा सो पुरस्कार प्रदान गरिएको हो ।

वाङ्मय शताब्दीपुरुष सत्यमोहन जोशी स्मृति पत्रकारिता पुरस्कार उज्यालो रेडियो नेटवर्क तथा नेपालमण्डल टेलिभिजनमा क्रियाशील वरिष्ठ सञ्चारकर्मी सिल्भिया राजोपाध्यायलाई प्रदान गरिएको छ । सो पुरस्कारको नगद राशी १० हजार रुपैयाँ रहेको छ । त्यसैगरी नेपालका पहिलो त्रिपिटकाचार्य एवं २००१ मा तत्कालीन प्रधानमन्त्री जुद्ध शमशेरले निकाला गरेका आठ भिक्षुमध्ये एक भिक्षु कुमारकाश्यप महास्थविरको नाउँमा भिक्षु कौण्डन्यले स्थापना गरेको भिक्षु कुमारकाश्यप स्मृति पत्रकारिता पुरस्कार पत्रकार मेट्रो एफएममा क्रियाशील उदेन मानन्धरलाई प्रदान गरिएको छ । यस पुरस्कारको नगद राशी २० हजार रुपैयाँ रहेको छ ।

ललितपुर जिल्लामा पहिलो अपाङ्गमैत्री भवन बनाउने कार्यको अग्रसरता लिएका समाजसेवी मोतिशान्ति शाक्यले आफ्नी आमा र बाबुको नाउँमा स्थापना गरेको ज्ञानदेवी-मणी स्मृति पत्रकारिता पुरस्कार रामेछापका पत्रकार युवराज श्रेष्ठलाई प्रदान गरिएको छ । यस पुरस्कारको नगद राशी २० हजार रुपैयाँ रहेको छ ।

देवशोभा कंसाकारद्वारा स्थापित अग्रधम्मान्दाता ज्ञानज्योति-लक्ष्मीप्रभा स्मृति पत्रकारिता पुरस्कार माउन्टेन टेलिभिजनका नेपालभाषा समाचार डेस्कका प्रमुख विश्वन्तर शाक्यलाई प्रदान गरिएको थियो । यो पत्रकारिता पुरस्कारको राशी २० हजार रुपैयाँ रहेको छ । त्यसैगरी ललितपुरका समाजसेवी एवं व्यवसायी बाबुराजा ज्यापू फोटो पत्रकारिता पुरस्कार, काठमाडौँका फोटो पत्रकार बुद्धशरण शाहीलाई प्रदान गरिएको छ । यस पुरस्कारको नगर राशी १० हजार रुपैयाँ रहेको छ । विजयराम कर्माचार्यद्वारा स्थापित श्रीरामस्मृति पत्रकारिता पुरस्कार भक्तपुरका पत्रकार रेणु त्वानावासुलाई प्रदान गरिएको छ ।

पत्रकार राष्ट्रिय दबूका वरिष्ठ उपाध्यक्षसमेत रहेका पुरस्कार छनोट समितिका संयोजक सुनिल महर्जनले पत्रकारिता क्रियाशील, नेपालभाषा, संस्कृति, सम्पदा, सञ्चारमाध्यमको समावेशीकरण र मातृभाषाको पत्रकारिताको विकास, आदिवासी जनजातिको सवालमा पत्रकारितामार्फत पुऱ्याएको योगदान, लैङ्गिक, भौगोलिक पक्षलाई आधारको रूपमा पुरस्कारका लागि ती पत्रकारहरूको नामावली सिफारिश गरेको हो ।

तीन जनालाई विशेष सम्मान

त्यसैगरी सञ्चारमाध्यमको समावेशीकरण र नेपालभाषा र संस्कृति प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने वरिष्ठ पत्रकार दण्ड गुरुङ, गोरखापत्रका सल्लाहकार सम्पादक उपेश महर्जन र गुठी संस्थानका केन्द्रीय प्रशासक किरण शाक्यलाई विशेष सम्मान गरिएको छ । उनीहरू सबैलाई बाग्मती प्रदेशका उद्योगमन्त्री रामकृष्ण चित्रकारले पुरस्कार तथा प्रमाणपत्र प्रदान गरेका थिए । कार्यक्रम संस्थाका अध्यक्ष नृपेन्द्रलाल श्रेष्ठको सभापतित्वमा भएको थियो ।

श्रमजीवी साकोसको अर्ध वार्षिक समीक्षा

भक्तपुर, ५ फागुन । श्रमजीवी बचत तथा ऋण सहकारी संस्था लि. को आ.व. २०८०/०८१ को अर्ध वार्षिक समीक्षा बैठक शनिबार संस्थामा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष गणेशभक्त सितिखुले सामुदायिक सहकारी सिद्धान्तअनुरुप सहकारी अगाडि बढिरहेको र देशको परिस्थितिअनुसार ऋणीहरूसँग संवाद गरी अहिलेको अवस्थामा बचत सुरक्षालाई ध्यान दिनुपर्छ भन्नुभयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष बिकुलाल सुवालले समिति, उपसमिति र संस्थापक पदाधिकारीहरूबाट राखिएको जिज्ञासा सम्बन्धमा स्पष्ट पार्दै संस्थाको प्रगतिका विविध पक्षहरूबारे प्रकाश पार्नुभयो ।

संस्थाका उपाध्यक्ष गोविन्दराम त्वानाबासुले ऋण सम्बन्धमा, संस्थाका सचिव जयराम लागेजुले अर्ध वार्षिक गतिविधि, निर्णय र नीतिगत परिमार्जन सम्बन्धमा र संस्थाका कोषाध्यक्ष नारायणप्रसाद लागेले आ.व. २०८०/८१ को हालसम्मको सदस्य सङ्ख्या ३९९१ जनाको कुल कारोबार रु. ७६,७३,८४,०६४।- (अक्षरेपी छयहत्तर करोड त्रिहत्तर लाख चौरासी हजार चौसाठी रुपैयाँ मात्र ।) सहितको प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

संस्थाका लेखा सुपरिवेक्षण समिति संयोजक सुरेन्द्रप्रसाद दुवालले संस्थाको वित्तीय विश्लेषण गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले विभिन्न जिज्ञासा राख्नुभयो भने कार्यक्रम सञ्चालक सदस्य लक्ष्मी खाताखोले गर्नुभयो ।

पदलाई अंशबन्डाजस्तै भाग गर्न नहुने

- तुल्सीनारायण लाखेमरु

हरेक सन्तान या नागरिकको लागि ममतामय माता र क्षमतावान बुबा प्रिय हुन्छ, पूजनीय हुन्छ । चरित्रवान् मातापिता स्वार्थमा भुल्दैनन् । पद र पैसामा बिक्दैनन्, मान, प्रतिष्ठा र इज्जतको ख्याल गरिएको हुन्छ । हीराभन्दा महँगो जन्मभूमि हो । जन्मभूमिभन्दा महँगो चरित्र हो । चरित्रवान् व्यक्तित्वहरू संसारका गुरु सम्मान हुन्छन् । उनीहरू स्वास्थ्य, शिक्षा, रोजगारमूलक कार्यमा अग्रसर हुन्छन् । उनीहरूले देशलाई ठुलो योगदान प्रदान गरेको पाइन्छ । त्यसैले, ख्वप विश्वविद्यालय माग गरेको होला । नेपालमा पटकपटक मन्त्री हुन्छन् । बुद्धिजीवीहरू देश र जनताको सेवा गर्नुभन्दा व्यापारमा लाग्नु गलत हो । गन्तव्यमा पुग्न सद्भाव कायम गर्नुपर्छ । खाली मन्त्री बन्ने, प्रधानमन्त्री बन्नेले देशको प्रजातन्त्र चिन्दैन, देशको राजनीति पनि बुझ्दैन, राजनीतिक संस्कार पनि चिन्दैन । जनताको जल्दोबल्दो समस्या हेरिएन । बुद्धि र चरित्र राम्रो भए चिन्तन पनि राम्रो हुने हो । चरित्र, बुद्धि, विचार, विवेक ठीक ठाउँमा नभएको कारण नराम्रो भइदियो ।

तराई, पहाड, हिमालको जनतालाई कहिले पनि न्यानो स्वास फेर्न नपाउने भइदियो । शासकवर्गले पहिला नै विचार गर्नुपर्ने थियो । बेमौसममा धान रोपेर के गर्ने ? लगनबिनाको पोतेजस्तै भयो । नेवार बिग्रिन्छ भोजले क्षेत्री बाहुन बिग्रिन्छ मोजले । अकर्मण्यताले नै देश बिग्रिन्छ । यस्तो चरित्रले राम्रो परिणाम आउँदैन । फिजीजस्तो देश हुन धेरै बेर लाग्दैन । गठबन्धन सरकारले दिशा निर्देश गर्दैन । राम्रोलाई राम्रो भन्नुपर्छ नराम्रोलाई नराम्रो भन्नुपर्छ । बाखा र बाघलाई एउटै खोरमा राखे के हुन्छ ? बाखालाई बाघले खान्छ, यो ध्रुवसत्य हो । गठबन्धनको कारण देशमा मनपरीतन्त्र भयो । भारत र अमेरिकाको सपना पूरा गराउन सरकार लाग्यो । सरकार विदेशीको गुलाम बन्छ । भोट नदिएसम्म जनताको मान्छे, जितेपछि स्वेछाचारी बन्छ । नङ्गा नाचे हजार दाउ । तपाईँ हामीले बिजुलीको महशुल नतिरे लाइन काट्छ । शासकहरूले जे गरे पनि हुन्छ । विश्वविद्यालय दयनीय स्थितिमा पुग्यो । ललिता निवासको जग्गा कसरी व्यक्तिको हुन गयो ? नेपाली नागरिक कसरी भुटानी शरणार्थी भए ? नागरिकता विधेयक कसरी पास भयो ? इमान छैन, जमान छैन, नैतिकता छैन, चरित्र छैन । पदलाई अंशबन्डाजस्तै भाग गर्नुहुँदैन । मुलुकलाई अलपत्र पार्नुहुँदैन । देशलाई सुन्दर बनाउने काम चरित्रवान र इमानदार व्यक्तिहरूले गर्छन् ।

भक्तपुरका एक सय वर्षीय हरिलाल पञ्च सम्मानित

भक्तपुर । भक्तपुरका एक सय वर्ष पुगेका हरिलाल पञ्च सम्मानित हुनुभएको छ । शनिबार उहाँलाई उनकै परिवारका सदस्यहरूले गठन गरेको पञ्च मु दबु (समूह)को दोस्रो वार्षिक भेला तथा वनभोज कार्यक्रममा सम्मान गरिएका छन् । संस्कृतिविद् रत्न साय्मी र दबुका अध्यक्ष दुरुकाजी पञ्चले दोसल्ला ओढाई प्रमाणपत्र प्रदान गरी सम्मान गर्नुभएको हो ।

कार्यक्रममा संस्कृतिविद् साय्मीले एक सय वर्ष पुगेका मानिस हाम्रो लागि गर्वको विषय भएको बताउनुभयो ।

पञ्च थर भएका सदस्यहरूले सबै परिवारलाई एकताबद्ध गर्न २०७८ सालमा पञ्च मु दबू गठन गरेका थिए । उनीहरूका अनुहार भक्तपुरमा पञ्च थर भएका परिवार भक्तपुर नगरपालिका वडा नं १ इटाछेँ र भक्तपुरकै सूर्यविनायक नगरपालिका वडा नं ५ कटुञ्जे किवाचो दुई ठाउँमा छन् । तर, २०७२ सालको महाभूकम्पपछि उनीहरू जिल्लाको सूर्यविनायक पाण्डुबजार, लिबाली, कमलविनायक, सल्लाघारीलगायतका ठाउँमा बसाइँसराइ गरी बस्न थालेका छन् । हाल दबुमा दुई सय ७२ सदस्य रहेको जनाइएको छ ।

सम्मानित हरिलाल पञ्चको जन्म १९८१ मङ्सिर १९ गते भएको थियो । उहाँले गएको मङ्सिर १९ गते ९९ वर्ष पूरा गरी एक सय वर्ष प्रवेशको अवसरमा जन्मदिन मनाइएको थियो । उहाँकी धर्मपत्नी केशरी पञ्चको जन्म भने १९८५ मङ्सिर २३ गते भएको थियो ।

सङ्क्षिप्त समाचार

बुलबुले तालको झार हटाइँदै

सुर्खेत, ५ फागुन । सुर्खेतको बुलबुले तालको पानीमाथि फैलिएको झारपात हटाउन थालिएको छ । सुर्खेत उपत्यका नगर विकास समितिले डुङ्गा चलाउनुपूर्व तालमा फैलिएको झारपात हटाउन थालेको हो ।

ताल सरसफाइका लागि समितिले रु. दुई लाख बजेट छुट्याएको छ । त्यहीँ बजेटबाट समितिले काम थालेको हो । डुङ्गा चलाउन कागजी प्रक्रिया अन्तिम चरणमा रहेकोले एक साताभित्रै ताल सफा गरिसक्ने तथा लगत्तै डुङ्गा चलाउन सहज हुने वीरेन्द्रनगर नगर प्रमुख मोहनमाया ढकालले जानकारी दिनुभयो । पाँच वर्षका लागि डुङ्गा चलाउन आवश्यक प्रक्रियागत काम अन्तिम चरणमा पुगेको र सम्भवत: फागुन दोस्रो सातादेखि डुङ्गा चलाइने उहाँले बताउनुभयो ।

नगर प्रमुख ढकालले झार हटाउने कार्यले तालको संरक्षणसँगै यसको आकर्षण र महत्व बढ्ने बताउनुभयो । उहाँले भन्नुभयो, "बुलबुले सुर्खेतको मुख्य चिनारी हो, यसको व्यवस्थित विकास गरेर ढुङ्गा सञ्चालन गर्छौं ।" उहाँले बृहत् गुरुयोजनाअनुसारका सबै संरचना निर्माण गरिने जानकारी दिनुभयो ।

साढे ३१ बिघा क्षेत्रफलमा फैलिएको बुलबुले ताल कर्णाली प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्यमध्येको एउटा हो । कर्णाली आउने हरेक पर्यटकको रोजाइमा बुलबुले पनि पर्ने गरेको छ । विसं २०२९ देखि सरकारी तवरबाट बुलबुलेको संरक्षण हुन थालेको हो । बुलबुले क्षेत्रको विकास तथा विस्तारमा प्रदेश सरकार का साथै सङ्घीय सरकार र वीरेन्द्रनगर नगरपालिकाको पनि साझेदारी रहने गरेको छ । (रासस)

प्राध्यापक पाठकलाई शिक्षा सम्मान प्रदान गरिने

काठमाडौँ, ५ फागुन । रुद्रराज साहित्य सेवा समितिले वरिष्ठ शिक्षाविद् प्राध्यापक शङ्करराज पाठकलाई यस वर्षको शिक्षा सम्मान प्रदान गर्ने निर्णय गरेको छ । त्यस्तै, शिक्षा क्षेत्रमा अनवरत योगदान पुऱ्याउँदै आएको शिक्षक मासिक पत्रिकालाई पनि यस वर्ष विशेष सम्मान प्रदान गर्ने निर्णय भएको संस्थाका अध्यक्ष डा. बद्रीराज पाण्डेले जानकारी दिनुभयो । नेपालको शिक्षा, साहित्य, इतिहास तथा आध्यात्मिक क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउनुभएका रुद्रराज पाण्डेको १२४ औँ जन्मजयन्ती कार्यक्रममा उहाँहरूलाई उक्त सम्मान प्रदान गरिनेछ ।

विसं २०४४ मा स्थापित समितिले शिक्षा, साहित्य, इतिहास र आध्यात्मिक क्षेत्रमा विशिष्ट योगदान दिने व्यक्ति वा संस्थालाई प्रत्येक वर्ष आलोपालो गरी पाण्डेको जन्मजयन्तीको अवसरमा सम्मान गर्दै आएको छ ।

मेलम्चीको पानी :
हेलम्बु गाउँपालिका-१ अम्बाथानस्थित मेलम्ची खानेपानीको मुहानस्थल । यहाँबाट अहिले दैनिक करिब २० करोड लिटर पानी काठमाडौँ लैजाने गरेको मेलम्ची आयोजनाले जनाएको छ । *तस्बिर :देवराज सुवेदी /रासस*

सुकुमवासीलाई जग्गा फिर्ता हुने आश

महोत्तरी, ५ फागुन । आफ्नो भोगचलनमा रहेको जग्गा अर्कैको नाउँमा दर्ता हुँदा बिरक्तिएका महोत्तरीको भङ्गहा-४ थारूटोल बनराका सुकुमवासीलाई अब भने राहत पाइने आश जागेको छ । आफ्नै ठाउँबाट धपिनुपर्ने पीडा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई सुनाएपछि उहाँले जग्गासम्बन्धी छानबिन गरिने प्रतिबद्धता जनाएपछि आशा पलाएको हो ।

"करिब २५ वर्षदेखि हाम्रो जग्गा अर्कैले भोगचलन गर्दै छन्", सुकुमवासी बस्तीका कैलाश चौधरी थारूले भन्नुभयो, "यसपालि प्रधानमन्त्रीले छानबिन आयोग बनाउन सम्बद्ध अधिकारीलाई निर्देशन दिनुभएको छ ।" प्रधानमन्त्रीको निर्देशनले थारूटोल बनराका सुकुमवासीले न्याय पाउने उहाँ बताउनुहुन्छ ।

रातु नदीको नदीउकास क्षेत्रमा २००० सालदेखि बसोबास गर्दै आएका आदिवासी थारू एवं मुसहर, बाँतर, चमार, खत्बेलगायतका दलित परिवारका चौथो पुस्ताका सन्तान यहाँ बस्छन् । विसं २०५१ मा सरकारले सुकुमवासी समस्या समाधान आयोग बनाएर लालपुर्जा दिने आश्वासन दिएको थियो । आफ्नो जग्गा अर्कैको नाउँमा दर्ता भएको थाहा पाएपछि उनीहरू निराश छन् ।

"पहिला चालै पाइएन, १०-१२ वर्षपछि नचिनेका बाहिरी व्यक्ति मेरो जग्गा भन्दै आउन थाले", सो बस्तीकी ७५ वर्षीया रामसुनरदेवी थारू भन्नुहुन्छ, "अनि जग्गाबारे खोजीनीति हुन थाल्यो ।" प्रधानमन्त्री स्वयंले तत्परता लिएपछि जग्गाबारे खोजबिन हुने विश्वास बढेको उहाँको भनाइ छ ।

थारूटोल बनरामा चार पुस्तादेखि घरझुप्रा बनाएर बसोबास गर्दै र पर्ती जग्गा खनजोत गर्दै आएका एक सय ८७ परिवारको जग्गा जति अर्कैको नाउँमा दर्ता भएपछि बिचल्ली भएको छ । "हाम्रो टेक्ने समाउने केही आधार रहेन", स्थानीय जयकरण बाँतर भन्नुहुन्छ ।

सुकुमवासीले बिहीबार प्रधानमन्त्री दाहालसँग भेटघाट गरेका थिए । थारूटोल बनराको सुकुमवासी बस्तीको जग्गा दर्ताबारे छानबिन हुनपर्ने, जग्गा दर्ता गराउने अधिकारी र भूमाफियालाई कारबाही हुनपर्ने, बाहिरी व्यक्तिका नाममा दर्ता भएको स्वामित्व खारेज हुनपर्ने र घरझुप्रा बनाएर बसेका सुकुमवासी तथा खनजोत गर्दै आएका भूमिहीनका नाममा जग्गा दर्ता गरिनुपर्ने सुकुमवासीको माग छ । रासस

लियो क्लवद्वारा तनाव व्यवस्थापन कार्यक्रम

- विमला तामाङ (प्रशिक्षार्थी)

काभ्रे, ५ फागुन । भैंसेपाटी, बनेपामा रहेको स्पाइनल इन्ज्युरी रिह्याबिलटेसनमा शनिबार तनाव व्यवस्थापन तालिम सम्पन्न भयो ।

उपसचिव लियो आस्था कार्कीद्वारा सञ्चालित उक्त कार्यक्रमका प्रशिक्षक, मनोविज्ञ प्रवेश विष्ट हुनुहुन्थ्यो । कार्यक्रममा तनावको पहिचान, यसको असर र यसको सकारात्मक व्यवस्थापन विषयमा प्रशिक्षण दिइएको थियो ।

यस कार्यक्रमको अनुभव लिँदै लियो क्लवका उपाध्यक्ष निशान्त कोजुले समापन मन्तव्यसहित प्रशिक्षकलाई मायाको चिनोबाट सम्मान गर्नुभयो ।

इन्टरनेटको कुलतबाट बालबालिकालाई जोगाऔं

- रोजी बस्नेत (प्रशिक्षार्थी)

भक्तपुर, ५ फागुन । समयसँगै अहिले इन्टरनेटको कुलतले समाज र बालबालिकामा शारीरिक र मानसिकरूपमा असर पार्दै आएको छ । पढाइदेखि लिएर हरेक क्रियाकलापमा उनीहरूको स्वभावमा असर पारेको छ । धेरै इन्टरनेट प्रयोगबाट उनीहरूमा छिनछिनमै रिसाउने, टाउको दुख्ने, आँखा कमजोर हुनेजस्ता समस्या देखिएको छ ।

बच्चाको आँखाको डाक्टर योगेश न्यौपानेले भने, "बालबालिकालाई डिजिटल मिडियाबाट टाढा राख्नुपर्छ । अभिभावकले सकेसम्म बालबालिकाका लागि समय व्यवस्थापन गर्नुपर्छ । यदि बच्चा लामो समयसम्म बोल्दैन भने उसलाई उपचारको आवश्यक छ ।"

उनले भने, "बच्चाहरूले धेरै नै मोबाइलको प्रयोग गर्ने भएकाले उनीहरूलाई लत लाग्छ । बच्चाहरूले मोबाइल सानैदेखि हेर्ने भएकाले उपचारमा आउने अभिभावकहरू टाउको दुख्ने, आँखाको रोग आदि जस्ता समस्या लिएर आउने गर्छन् ।" न्यौपानेका अनुसार, बच्चाहरूले एकोहोरो भई निहुरेर मोबाइल घण्टौं चलाउने भएकाले उनीहरूलाई सानै उमेरदेखि नै ढाड कुप्रिने, ढाड दुख्ने समस्या देखा पर्न सक्छ । अहिले इन्टरनेटमा नकरात्मक सन्देश फैलाउने, हेर्न नमिल्ने साइटहरूले पनि बच्चाको दिमागमा सजिलै नकारात्मक प्रभाव पार्न सक्छ ।

त्यस्तै समस्यामा परिरहेको एक बचाको अभिभावक सरिस्मा अधिकारी भन्छिन् , "सानैदेखि नै बाबु खाना खान नमान्ने भएकाले सधैं बाबुलाई मोबाइलमा कार्टुन, फिल्म र गीतहरू देखाउँथे । यसको कारण बानी परेर अहिले उसलाई खाना खाने बेलामा समेत मोबाइल देखाउनु पर्दछ, सुत्ने बेलामा पनि ११ बजेसम्म मोबाइल नहेरी नसुत्ने भएको छ । मोबाइल नदेखाई खाना खुवाउँदा रिसाउने र रुने गर्छ ।

आमाबुबाले सानै छँदादेखि बच्चाहरूलाई मोबाइल नदेखाई केही खेल खेलाउनेतिर ध्यान दिए उनीहरूको स्वास्थ्यमा सुधार हुन्छ । हरेक आमाबुबाले बच्चाको भविष्यको लागि ध्यान पुऱ्याउनुपर्दछ ।

सामुदायिक पर्यटन प्रवर्द्धनमा मेघौली होमस्टे

- कुसुम थापा (प्रशिक्षार्थी)

चितवन, ४ फागुन । स्थानीय मेघौलीको समुदाय होमस्टेमा पर्यटकहरू थारु संस्कृति र सांस्कृतिक विरासतको अनुभव प्राप्त गर्छन् । यो समुदाय होमस्टे भरतपुर मेघौलीमा अवस्थित छ ।

मेघौलीमा स्थानीय थारु संस्कृतिको अनुभव गराउन सकिने यस होमस्टेमा सात घरहरू छन् । यसले ५० भन्दा बढी मानिसलाई आवास प्रदान गरेको छ । यस स्थानलाई वन्यजन्तुहरू अवलोकनको केन्द्रबिन्दुको रूपमा लिइएको छ । यहाँ पर्यटकहरूले जिप सफारी, जङ्गल भ्रमण, नारायणी नदीमा बोटिङ, सूर्यास्त र मेघौलीमा पाक शिक्षा कक्षाको अनुभव प्राप्त गर्न सक्छन् ।

यस होमस्टेमा स्थानीय थारु नृत्य र संस्कृति पनि अनुभव गर्न पाइन्छ । यहाँका समुदायका सदस्यहरू पर्यटकलाई अतिथि मानेर उनीहरूसँग संयोजन गर्छन । मेघौली समुदाय होमस्टेअन्तर्गत पर्यटकहरूले आफ्नो अनौपचारिक सुविधा, स्थानीय सम्पर्क र साहसिक अनुभव प्राप्त गर्न सक्छन् ।

स्थानीय पर्यटक विकासका नयाँ सम्भावनाहरूको योजना चलिरहेको छ । समुदायले यसको लाभ उठाउन प्रयास गर्दै छ । मेघौली, चितवनको यस सामुदायिक होमस्टे पर्यटकहरूलाई स्वागत गर्न तयार छ ।

मेघौलीका समुदाय सदस्यहरूले गाउँमा पर्यटकलाई उनीहरूको संस्कृति रप रम्परागत जीवनशैलीसम्बन्धी अनुभव गराउने योजना बनाएका छन् ।

मेघौलीका समुदाय सदस्यहरूले योजनामा सहयोग गर्दै पर्यटकलाई उनीहरूका गाउँमा आउने अनेक प्रकारका आयोजना, स्वादिष्ट स्थानीय खानापिना र खेलकुद आदिको सुविधा प्रदान गर्न योजनामा पनि काम गरिरहेका छन् ।

छाउपडी प्रथाले महिलाहरूलाई सास्ती कायमै

- लिलाराम विक (प्रशिक्षार्थी)

दैलेख, फागुन ४ । दैलेखको विभिन्न गाउँपालिका /नगरपालिकामा छाउपडी प्रथा अद्यापि कायम छ । 'छाउपडी' भनेको महिनावारीको समयमा घरबाट टाढा छाउगोठमा बस्ने चलन हो । दैलेख जिल्ला आठविस नगरपालिकामा पनि धेरै महिलाहरू छाउपडीबाट प्रताडित छन् । देवी देवता रिसाउँछन् भनेर घरभन्दा पर रहेको सानो छानोजस्तो छाउगोठमा महिनावारीको समयमा बस्नुपर्ने बाध्यता छ ।

यसले गर्दा महिलाहरूले शारीरिक तथा मानसिक रूपमा धेरै समस्या भोग्नुपरेको छ । चाहे त्यो वैशाख जेठको हावाहुरी होस् या पुस माघको कठ्याङ्ग्रिने चिसो समयमा किन नहोस् उनीहरू छाउगोठमा बस्नुपर्ने बाध्यता छ । प्राकृतिकरूपमा महिलाहरूमा हुने महिनावारीलाई गलत सोचले गर्दा एक्काइसौँ शताब्दीमा पनि आठविसका महिलाहरू छाउगोठमा रहनुपरेको छ ।

राज्यका सम्बन्धित निकायहरूले महिलाका पक्षमा थुप्रै ऐन, कानुन, नीति नियम तर्जुमा गरे पनि अहिलेसम्म त्यहाँका महिलाहरूले त्यति सहजीकरण पाउन सकेका छैनन् । त्यहाँका शिक्षित तथा पढे लेखेका महिलाहरू पनि छाउगोठमा सुत्ने गर्छन् । यसलाई नियन्त्रण गर्न राज्यले सम्बन्धित निकायमा पहल गर्नुपर्ने देखिन्छ ।

यो समस्या निराकरण गर्न गाउँपालिका /नगरपालिकामा महिनावारीसम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । उनीहरूमा रहेको भ्रम हटाउन यस बारे विस्तृतरूपमा जानकारी गराउन आवश्यक छ ।

केन्यालीले जिते पोखरा म्याराथन

- रञ्जु गुरुङ (प्रशिक्षार्थी)

पोखरा म्याराथनको १८ औँ संस्करणमा केन्याबाट आएका धावकले तीनवटा पुरस्कार जितेका छन् । पहिलो, दोस्रो र तेस्रो स्थानका केन्याली धावकहरूले नेपाली धावकहरूलाई पनि पराजित गरेका छन् । यस वर्षको विजयी केन्याली धावक जुलियस मुरिला वाहोमले ४२.१९७ किलोमिटरको दूरीमा २ घण्टा २९ मिनेट ३६ सेकेन्डमा पार गरेका हुन् ।

अघिल्लो वर्षको प्रतियोगितामा उनी दोस्रो भएकी थिइन् । यस वर्ष, आफ्नो दौडमा सुधार गरी उनले उपाधि प्राप्त गरेकी छिन् । दोस्रो पुरस्कार पनि केन्याका इसाक किहारा कामिरीले हात पारेका छन, यसले २ घण्टा २० मिनेट ७ सेकेन्डमा दूरी पार गरेका हुन् । त्यस्तै, तेस्रो स्थान पनि केन्याका इड्वीन किप्लागेटले जितेका छन् । उनले २ घण्टा २० मिनेट ४७ सेकेन्डमा दूरी पार गरेका हुन् । अघिल्लो वर्ष पनि पहिलो र दोस्रो स्थान प्राप्त गरेकी थिइन् ।

। सम्पादकीय ।

व्यवहारमा फासीवाद कस्तो हुन्छ ?

बहुदलीय व्यवस्थामा सबैले आ-आफ्नो विचार स्वतन्त्रतापूर्वक राख्न पाउँछन् । तर, संसद्मा बहुमत प्राप्त दल वा बहुमत प्राप्त गठबन्धनको सरकारले अझ बढी स्वच्छन्दतापूर्वक शासनमा मनपरी गर्न पाउँछन् भन्नेबारे अहिले नेपालको नेपाली काङ्ग्रेस + एमाओवादी र अन्य पुँजीवादी दलहरू मिलेर बनाएको सरकारका गतिविधिबाट प्रस्ट छ । गठबन्धन सरकार दलहरूको भागबन्डाले चल्ने बन्दोबस्त हुँदा यस्तो सरकारलाई दलबन्दी सरकार भनिन्छ ।

त्यतिमात्र नभई 'प्रमुख प्रतिपक्ष' भनिने एमालेले पनि सरकारको विरोध गर्दा गर्दै न्यायाधीश नियुक्तिमा, राजदूतहरूको नियुक्तिमा वा भन्सार, विमानस्थल माल अड्डा वा प्रहरी र गुप्तचर विभागमा समेत 'दलबन्दी' (दलको शक्ति अथवा सदनमा सांसदहरूको सङ्ख्याअनुसार भाग पाउँछन्) हुन्छ ।

सत्य यही हो भने यो बेलायतको जस्तो वेस्टमिनिस्टर सिस्टम होइन । बेलायती संसदीय बन्दोबस्तमा बहुमत प्राप्त दल वा गठबन्धनले 'दलबन्दी' अनुसार सबैतिर भाग पाउँछन् - तर, नेपालमा जस्तो लज्जाहीन तरिकाले प्रमुख प्रतिपक्ष दलको कर्मचारी, शिक्षक, गुप्तचर, राजदूत, मालअड्डा, भन्सार, विश्वविद्यालयमा समेत भाग पाउँदैनन् । सरकारको तर्फबाट भाग होइन 'घुस' खाएको अर्थ लाग्छ ।

बेलायती प्रतिपक्ष दलले सरकारको आलोचना गराउन र सत्तापक्ष दल वा गठबन्धनले मनपरी नगरोस् भनेरै प्रमुख प्रतिपक्षलाई सरकारको कामकारबाहीलाई जानकारी दिनकै निम्ति कार्यालयको बन्दोबस्त गरेको हुन्छ - भाग खान वा घुस लिन होइन सत्तापक्षलाई निरङ्कुश नबनाउन ।

तर, नेपालमा अहिले प्रमुख प्रतिपक्ष दलले 'ललिता निवास काण्ड', 'गिरिबन्धु चिया खेती', 'बालमन्दिरको १० रोपनी जग्गा' आदि काण्डमा प्रमुख प्रतिपक्ष दल किन मुख खोल्दैन ?

हुन त जुनसुकै देशमा पनि जात, धर्म, प्रदेश आदि विषयमा सत्ता पक्षले गरेको पक्षपात र अन्यायको विरोधमा प्रतिपक्षले विरोध गर्ने गर्छ । त्यसैलाई प्रतिपक्षको धर्म र कर्तव्य बताइन्छ । तर, नेपालमा प्रमुख प्रतिपक्ष किन मुख खोल्न चाहँदैन ! के मुखको खिर खस्ने डरले वा पोल खुल्ने डरले मौन रहेको ?

XXX

जात, धर्म, भाषा र पशुबलको आधारमा सत्ता कब्जा गर्नु चाहे शस्त्रबलले होस् वा निर्वाचनमा धाँधली गरेर होस् - सरकारमा रहेर लोकमतलाई बेवास्ता गरेर एउटै जात, भाषा, धर्म र क्षेत्रको आधारमा शासन गर्नु फासीवाद र नाजीवाद हो, यो प्रजातन्त्रविरोधी कदम हो ।

शासनका हरेक क्षेत्रमा अर्थात् कार्यपालिका, विधानपालिका र न्यायपालिकाका हरेक प्रदेश, जिल्ला र पालिकाहरू एवं अनेक स्वतन्त्र आयोग र विश्वविद्यालयमा समेत एकहत्ति हुन्छ भने त्यो पनि फासीवाद हो ।

एउटा देशमा फासीवाद एउटै राजनीतिक पार्टीमा मात्रै त्यो सोच हुन्छ भन्ने होइन, संरा अमेरिकाको संविधान र ऐन कानुनलाई जतिसुकै राम्रो भनिए तापनि व्यवहार र परिणाममा 'गोरा फासीवाद' कायम छ । अन्य देशहरू र नेपालमा समेत यसबारे गम्भीर हुनु आवश्यक छ ।

स्थानीय निकायलाई शिक्षा विकासको निम्ति अधिकार दिनु महत्त्वपूर्ण विषय हो, तर निश्चित शिक्षक सङ्गठनले स्थानीय निकायले प्राप्त गरेको अधिकारमाथि बन्देज लगाएर यथास्थितिवादको गीत गाउँदा सारा जनता आश्चर्यमा थिए । प्रजातन्त्र बोलीमा होइन व्यवहारमा हो भन्ने कुरामा सबै सचेत हुनैपर्छ । एउटा माध्यमिक विद्यालयमा एक जनामात्रै माध्यमिक स्तरको शिक्षक दिनु तथा एउटा जिल्लामा खाली शिक्षकबारे विज्ञापनसमेत नगर्नु के कुनै ठाउँ, प्रदेश र जिल्लालाई शिक्षाको अधिकारबाट वञ्चित गर्ने सरकारको उद्देश्य हो ?

ललिता निवास प्रकरण के हो ?

भ्रष्टाचारको चर्चित काण्डमध्ये एक हो ललिता निवास जग्गा हिनामिना प्रकरण । सुवर्णशमशेर राणाले पुर्खाहरूबाट प्राप्त गरेको २ सय ९९ रोपनीमा ललिता निवास बनाइएको थियो । ललिता भन्ने देवीको नामबाट ललिता निवासको १९८८ माघ २५ गते भएको लालमोहरबमोजिम २ सय ८७ रोपनी ५ आना २ पैसा २.५ दाम जग्गामध्येबाट श्रीमती श्वेतप्रभादेवी राणालाई ५८ रोपनी र छोराहरू कनकशमशेर जबरा, कञ्चनशमशेर जबरा र रुक्मशमशेरलाई प्रतिव्यक्ति ५७ रोपनीका दरले बकसपत्र गरिदिएका थिए ।

जग्गा प्राप्ति ऐन २०१८ बमोजिम २०२१ सालमा काठमाडौँ उपत्यकाका ललिता निवाससहित ६ दरबार सार्वजनिक प्रयोजनका लागि उचित क्षतिपूर्तिसमेत व्यवस्था गरेर अधिग्रहण गर्ने निर्णय तत्कालीन सरकारले गरेको थियो । महावीर भवन नक्सालको १ सय ५४ रोपनी ४ आना २ पैसा, हरिहर भवन ललितपुरको २ सय ४० रोपनी १ आना २ पैसा, सीता भवन नक्सालको १ सय १९ रोपनी १२ आना ३ पैसा, लक्ष्मी निवास महाराजगन्जको २ सय ५८ रोपनी १४ आना, बबरमहल करिया गाउँको २ सय ५३ रोपनी ३ आना ३ पैसा १ दाममध्ये भरतशमशेरको भागको घर र जग्गा १२ रोपनी १२ आना २ पैसाबाहेक २ सय ४० रोपनी ५ आना ३ पैसा १ दाम अधिग्रहण गरिएको थियो ।

त्यस्तै ललिता निवासको २ सय ९९ रोपनी ९ आना २ पैसामध्ये सुवर्णशमशेर र कञ्चनशमशेरको भागमा रहेको १४ रोपनी ११ आना जग्गा (जफत भएको) कट्टा गरी बाँकी २ सय ८४ रोपनी १४ आना ३ पैसा अधिग्रहण गरिएको थियो । २०२२-०२३ सालमा उनीहरूले पाउने क्षतिपूर्ति पनि वितरण भइसकेको थियो । अधिग्रहणपछि कनकशमशेरले ललिता निवासको क्याम्पमा रहेको गोठ, तबेलासहित ८ रोपनीमा बसोबास गर्न पाउन निवेदन दिएपछि त्यो जग्गा दिने निर्णय भएको देखिन्छ । अधिग्रहण भएको त्यो जग्गामध्ये ६० रोपनी नेपाल राष्ट्र बैङ्कको नाममा दर्ता गरियो । बाँकी २ सय १२ रोपनी गृह मन्त्रालयअन्तर्गत समरजंग कम्पनीको रेखदेखमा राखियो ।

तत्कालीन श्री ५ महाराजाधिराजको हुकुम प्रमाणीकरण र श्री ५ को सरकारको २०३६ सालको निर्णयबाट कुमार बस्नेतलाई २ रोपनी ७ आना २ पैसा, दामोदर उपाध्यायलाई १ रोपनी र पविता देवीलाई १ रोपनी जग्गा दिएको देखिन्छ । यसरी पञ्चायतकालमा १२ रोपनी ७ आना २ पैसा व्यक्तिको नाममा दिएको देखिन्छ । २०४७ सालमा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको अन्तरिम सरकारको पालामा राजनीतिक कारणबाट हरण भएको जग्गा फिर्ता लिने निर्णय भयो । केपी शर्मा ओली प्रधानमन्त्री भएको बेला २०७५ असार १५ गतेको मन्त्रिपरिषद्को बैठकले सरकारी, सार्वजनिक, गुठी र सरकारद्वारा अधिग्रहण तथा जफत गरिएको जग्गाको हिनामिना सम्बन्धमा छानबिन गरी कारबाहीका लागि सुझाव पेस गर्न एक उच्चस्तरीय समिति गठन गरेको थियो । यसको संयोजकमा पूर्वसचिव शारदाप्रसाद त्रिताल थिए । सदस्यमा सहसचिव महेन्द्रकुमार थापा र गृह मन्त्रालयका उपसचिव सदस्य थिए ।

०४९ मा ११२ रोपनी जग्गा अतिक्रमण

त्यो निर्णयको अपव्याख्या गरेर २०४९ सालमा सुवर्णशमशेरका परिवार, मालपोतका कर्मचारीको मिलेमतोमा १ सय १३ रोपनी व्यक्तिको नाममा कायम गरियो । हरण भएको जग्गा फिर्ता गर्ने निर्णयको अपव्याख्या गर्दै अंशियारको अंश छुट्ट्याइसकेपछि सम्बन्धित व्यक्तिको नाममा तराईमा २८ बिघा, पहाडमा ९६ रोपनी र उपत्यकामा ५८ रोपनीभन्दा बढी जग्गा भएको देखिएमा हदबन्दी व्यवस्था लागू हुने भएकोले सो लागू नगरी सबै जग्गा फिर्ता दिएमा भूमिसम्बन्धी

ऐनको बर्खिलाप हुन्छ । ऐनको बर्खिलाप जग्गा फिर्ता भएको देखिन्छ । २०४९ कार्तिक २५ मा मिसिल नम्बर १०२४ अन्तर्गत २६ रोपनी ६ आना १ पैसा र मिसिल नम्बर १०२५ अन्तर्गत ४९ रोपनी ३ पैसा जग्गा फिर्ता भएको थियो । सोही साल पुस २३ मा मिसिल नम्बर १०२४ अन्तर्गत २८ रोपनी १५ आना १ पैसा र मिसिल नम्बर १०२५ अन्तर्गत ७ रोपनी १४ आना राणा परिवारको नाममा ल्याइएको थियो । राणा परिवारलाई जग्गा फिर्ता गराएबापत मालपोत कार्यालय डिल्लीबजार र मालपोत विभागका कर्मचारीले आफ्नो र आफ्नो परिवारको नाम बकस पनि लिने काम गरेका थिए । त्यो फिर्ता भएको झन्डै १ सय १३ रोपनीको २०६० पुस १५ मा मालपोत कार्यालय डिल्लीबजारले हाल साबिक गरिदिएको थियो ।

छुट दर्ता (२०६२)

२०६२ सालमा छुट दर्ता गरिएको थियो । ललिता निवासको अधिग्रहण गरिएकामध्ये ८ रोपनी १२ आना २ पैसा कित्ताफोड गरिएको थियो । जसमा ८ रोपनी पञ्चायतकालमा नै कनकशमशेरको नाममा कायम भइसकेको थियो । बाँकी १२ आना २ पैसा नेपाल सरकारकै नाममा कायम थियो । २०६२ जेठ २ मा त्यो १२ आना २ पैसा जग्गा पनि गैरकानुनीरूपमा मालपोत डिल्लीबजारका कर्मचारीको मिलेमतोमा सुनीति राणाको नाममा हाल साबिक, नामसारी र छुट जग्गा दर्ता गर्ने निर्णय गरी जग्गाधनी प्रणाम पुर्जा दिएको देखिन्छ ।

प्रधानमन्त्री निवास नै व्यक्तिको नाममा (२०६६/६९)

२०६६ सालमा माधवकुमार नेपाल प्रधानमन्त्री थिए भने उपप्रधान एवं भौतिक निर्माणमन्त्री थिए विजयकुमार गच्छदार । भौतिक सचिव थिए, दीपकुमार बस्न्यात । त्यो बेला तीनपटक ललिता निवासको जग्गा प्रकरणका विषयमा मन्त्रिपरिषद्को निर्णय भएका छन् । २०६६ चैत २९ मा ललिता निवासको जग्गामा विशिष्ट व्यक्तिको निवास विस्तार गर्ने निर्णय भयो । विशिष्ट व्यक्तिको निवास विस्तार गर्ने सम्बन्धमा तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालयले प्रस्ताव तयार गरी मन्त्रिपरिषद्मा पेस गरेको थियो ।

प्रधानमन्त्री, प्रधानन्यायाधीशसहित निवास व्यक्ति नाम गरियो । त्यो बेला भौतिक योजनामन्त्रीको हैसियतमा गच्छदारले नै विशिष्ट व्यक्तिको जग्गा व्यक्तिको नाममा गर्न प्रस्ताव पेस गरेका थिए । प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुखको निवास विस्तार गर्ने क्रममा नक्कली मोही कायम गरिएको छ । मालपोत कार्यालयको पत्रमा विशिष्ट व्यक्तिको निवासमा पर्ने, राजकुलोमा पर्ने, कित्ताकाटबाट बाटोमा कायम भएको जग्गा, व्यक्ति विशेषका नाम कायम भएका जग्गामा मोही कायम नभएको देखिन्छ । तर, बाँकी विवरणमा मोही कायम भएको प्रस्ताव मन्त्रिपरिषद्मा प्रस्तुत गरिएको थियो । भौतिक मन्त्रालयको प्रस्तावमा २०६६ चैत २९ मा नेपालका पालामा यसरी प्रधानमन्त्रीलगायत विशिष्ट व्यक्तिको निवास विस्तार गर्ने क्रममा मोहीको हिस्सा पर्ने जग्गा र परिसर विस्तार गर्दा विस्तारित क्षेत्रमा पर्ने जग्गाको सोधभर्ना र सट्टापट्टा गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट आवश्यक व्यवस्था मिलाउने भनी निर्णय भयो । निर्णय कार्यान्वयन गर्ने गराउने क्रममा भूमिसुधार तथा व्यवस्था मन्त्रालयले तयार गरी पेस गरेको प्रस्तावमा २०६७ वैशाख ३१ मा अर्को निर्णय भयो । त्यो प्रस्तावमा पनि भौतिकले तयार गरेको प्रस्तावबमोजिम नै नेपाल सरकार जग्गाधनी भएको सरकारी र सार्वजनिक जग्गामा व्यक्ति विशेषलाई मोहीको हैसियत प्रदान गरेको देखिन्छ । यो काम गैरकानुनी हो ।

मोहीसम्बन्धी कार्य गर्ने सम्बन्धित भूमिसुधार कार्यालयलाई निर्णय कार्यान्वयनमा संलग्न नगराई जग्गाधनी, मोही हक, स्वामित्व, जग्गाको सट्टाभर्ना, प्लट मिलानजस्ता विषय मालपोत कार्यालय डिल्लीबजारले गर्ने भनी कार्यालय नै किटान गरी प्रस्ताव तयारी गरी मन्त्रिपरिषद्बाट निर्णय गराइएको छ । यसो गर्नुमा सरकारी सार्वजनिक जग्गामा अनधिकृत व्यक्तिलाई मोही खडा गराउने तथा सरकारी जग्गा फछ्र्योट गर्ने, गराउने कार्यमा तत्कालीन सरकार प्रत्यक्ष संलग्नता देखिन्छ ।

अघिल्ला दुइटा मन्त्रिपरिषद्का निर्णयमा केही त्रुटि भएको भन्दै २०६७ असार १ मा संशोधनको टिप्पणी उठाउन भौतिक योजना तथा निर्माण मन्त्रालयबाट प्रस्ताव तयार भई मन्त्रिपरिषद्मा पेस भएको थियो । भौतिकको प्रस्तावबमोजिम नै २०६७ साउन २८ मा मन्त्रिपरिषद्ले निर्णयबाट नेपाल सरकारबाट केही थप जग्गा व्यक्ति विशेषको नाम कायम हुने गरी संशोधन गरिएको थियो ।

नक्कली गुठी बनाएर जग्गा बाँडियो (२०६९)

२०६९ सालमा डा. बाबुराम भट्टराईले नक्कली पशुपति टिकिन्छा गुठी कायम गर्ने गरी निर्णय गराएका थिए । नेपाल सरकार समरजंग कम्पनीको नाममा रहेको ३ रोपनी १२ आना जग्गा पशुपति टिकिन्छा गुठी कायम गरियो । अनाधिकृत व्यक्तिलाई मोही कायम गराउनका लागि गुठी नै नक्कली बनाउने नीतिगत निर्णय डा. भट्टराईको मन्त्रिपरिषद्ले गरेको देखिन्छ । त्यसबेला मुख्य सचिव थिए लीलामणि पौड्याल । उनी पनि ललिता निवास प्रकरणमा जोडिएका छन् । अख्तियारको मुद्दामा पूर्वप्रधानमन्त्रीद्वय नेपाल र डा. भट्टराईसहित पौड्याल, पूर्वमन्त्री सञ्जय साह, पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाहलगायतलाई उन्मुक्ति दिइएको छ ।

'ललिता निवास क्याम्पभित्रको सरकारी जग्गा सम्बन्धमा विभिन्न मन्त्रालय र कार्यालयबाट विभिन्न मितिमा भएका गैरकानुनी कार्यलाई वैधानिकता दिलाउने र सरकारी जग्गामा अनधिकृत व्यक्तिका हक र स्वामित्व स्थापित गराउने गरी सम्बन्धित मन्त्रालयको प्रस्तावअनुरूप मन्त्रिपरिषद्बाट ०६६-१२-२९, ०६७-०१-३१, ०६७-०४-२८ र ०६९-०६-१८ मा भएका निर्णय मन्त्रिपरिषद्बाट सामूहिकरूपमा गरेका नीतिगत निर्णय आयोगको अनुसन्धानको क्षेत्राधिकारभित्र पर्ने नदेखिएको हुँदा तत्कालीन प्रधानमन्त्रीद्वय नेपाल र डा. भट्टराईको हकमा बयान भए पनि निजहरूको हकमा केही गरिरहनु परेन भनी आयोगबाट निर्णय भएको बेहोरा अनुरोध छ,' आरोपपत्रमा उल्लेख छ । नेपाल प्रधानमन्त्री हुँदा ०६६ चैत २९ गते ललिता निवासको जग्गामा 'विशिष्ट व्यक्ति' को निवास विस्तार गर्ने निर्णय भयो ।

सरकारअन्तर्गतको समरजंग कम्पनीका नाममा मोही जनिएको ललिता निवासको जम्मा क्षेत्रफल यकिन गरी सोमा मोही भाग कट्टा गरी बाँकी रहने क्षेत्रफल एवं साबिक बाटो तथा राजकुलो यकिन गरी १४ रोपनी १० आना ३ पैसा २.५ दाममा विशिष्ट व्यक्तिको निवास विस्तार गर्ने निर्णय गरिएको थियो । सरकारको नाममा रहेको जग्गामा मोहियानी हक प्राप्त हुने कानुनी आधार नरहँदानरहँदै ड्राइभर भाइचालगायत ५८ जना नक्कली मोही खडा गराई सरकारी जग्गा व्यक्तिको नाममा कायम गरिएको थियो ।

तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालयले पेस गरेको प्रस्तावबमोजिम मन्त्रिपरिषद्ले ०६६ चैत २९ मा गरेको निर्णयमा विशिष्ट व्यक्तिको निवास विस्तार गर्ने क्रममा मोहीको हिस्सामा पर्ने जग्गा र परिसर विस्तार गर्दा विस्तारित क्षेत्रमा पर्ने जग्गाको सोधभर्ना र सट्टापट्टा गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट आवश्यक व्यवस्था मिलाउने निर्णय भएको थियो ।

उक्त निर्णय कार्यान्वयन गर्नेगराउने क्रममा भौतिक योजनाले पेस गरेको प्रस्तावमा नेपालकै पालामा ०६७ वैशाख ३१ मा अर्को निर्णय भएको देखिन्छ । मन्त्रालय र अन्तर्गतका कार्यालयबाट टिप्पणी उठान भई सोहीबमोजिम प्रस्ताव तयार गरी मन्त्रिपरिषद्मा पेस भएको र प्रस्तावबमोजिम नै नेपालकै पालामा ०६७ साउन २८ गते निर्णय भई नापी र मालपोत कार्यालय डिल्लीबजारले मोही कायम गरेको थियो ।

- अन्नपूर्ण पोष्टबाट

सिछुवानको गाउँमा चिनियाँ नयाँ वर्ष

✍ नीरज

फङ परिवारबाट नयाँ वर्ष मनाउन आफ्नो पुर्ख्यौली गाउँ जाने निमन्त्रणा साँच्चै अनपेक्षित थियो । परिचय भएको महिना दिन पनि नभएको एउटा चिनियाँ परिवारबाट आफ्नो सबभन्दा ठुलो चाड मनाउन छन्तुबाट २ सय किलोमिटर टाढा आफ्नो गाउँमा जाने निमन्त्रणाले खासमा चिनियाँहरू कति सहजै भिन्न संस्कृतिलाई स्वीकार्छन् भन्ने कुरा दर्साउँछ ।

वसन्त पर्वको हावा लाग्न थालेदेखि विश्वविद्यालय क्रमश: सुनसान हुँदै थियो । हरेक बिहान, दिउँसो र ढिला रातिसम्म पनि विद्यार्थीहरू लगेज डोऱ्याउँदै कलेजबाहिर गइरहेको आवाज सुनिन्थ्यो । उनीहरू सयौँ किलोमिटर टाढा आफ्नो घर फर्किन लागेको कुरा उनीहरूको अनुहारमा देखिने चहकबाट सहजै अनुमान लगाउन सकिन्थ्यो ।

अरु बेला बस्न ठाउँ पाउन पनि मुस्किल पर्ने पुस्तकालय खाली हुन थालेको थियो । खेलमैदानमा बास्केटबल, ब्याडमिन्टन, भलिबल खेल्ने विद्यार्थीहरू पातलिँदै थियो । विद्यार्थीको सङ्ख्या पातलिएसँगै क्याम्पसका ठुला क्यान्टिनहरू बन्द गरिएका थिए । बिदामा घर नजाने चिनियाँ विद्यार्थी र विदेशी विद्यार्थीलाई ध्यानमा राखेर सानो क्षमताका क्यान्टिनमात्र चालु थिए ।

उसै पनि जाडोले पात झरेर क्याम्पसको परिवेश रङ्ग खुलिइएको तस्बिरजस्तै भइसकेको थियो । एकाध रुखमा फुलेका गुलाबी रङ्गका फुलले वसन्तको आगमनको सङ्केत गरे पनि अझै पनि टुसाइनसकेका पातले वरपरको दृश्य उजाड देखिन्थ्यो । त्यसमाथि दिनैभरि भरभराउँदा युवायुवतीहरूको दौडधुप चलिरहने बाटा सुनसान हुँदा विश्वविद्यालय कुनै परित्यक्त गाउँजस्तै भएको थियो । सयौँ साइकल दौडिरहने बाटोमा एकाध साइकल पनि अल्छी मान्दै गुडिरहेजस्तो देखिन्थ्यो ।

यस्तो बेला कसैले आफ्नो गाउँमा जान गरेको प्रस्तावलाई कसले पो नकार्न सक्थ्यो र ? त्यसमाथि चिनियाँ जनजीवन र संस्कृतिबारे बुझ्ने चाहना त मनभित्र थियो नै । विच्याटमा सन्देश खसेको केही मिनेटमै मैले खुसी व्यक्त गर्दै आफू जान तयार भएको आशय व्यक्त गरेँ । श्रीमती फङले जाने दिन र समय निधो गरी पछि खबर गर्ने पुरक सन्देश पठाइन् । गाउँमा कम्तीमा तीन दिन बस्नुपर्ने खबर सुरुकै सन्देशमा उल्लेख थियो ।

चीनको गाउँमा चिनियाँ नयाँ वर्ष मनाउन जाने कुराले मनमा अनेक कुरा खेल्ने नै भयो । उत्साह र उत्सुकतासँगै मनमा भने एकप्रकारको संशय पनि थियो, चिनियाँ भाषाको नाममा केही शब्दमात्र बोल्न जानेको म कसरी चिनियाँ भाषामा पनि अलग भाषिका बोलिने सिछुवानको एउटा गाउँमा केही दिन बिताउँछु होला ?

सेप्टेम्बर ९ को बिहान हामी छन्तुबाट नानछोङ सहरको च्यानसिङ नगरतिर जाँदा बाटोमा नयाँ वर्ष र वसन्त पर्वको उमङ्ग छाइसकेको थियो । चाडपर्व गाउँघरमै रमाइलो भन्ने नेपाली आहान चीनमा पनि सान्दर्भिक छ । वसन्त पर्व मनाउन छन्तुबाहिर जाने गाडीको घुइँचो दसैँअघि काठमाडौँबाहिर जाने गाडीको घुइँचोजस्तै थियो । राजमार्ग वरपरका दृश्य नियाल्दै जाँदा नेपालकै कुनै ठाउँको यात्रा गरिरहेको भान भए पनि बिचबिचमा छिचोलिने सुरुङमार्ग र सफा बाटो हेर्दा भने मन खुम्चिन्थ्यो ।

झन्डै चार घण्टाको यात्रापछि च्यानसिङ नगर पुग्दा त्यहाँ वसन्त पर्वको रङ्ग चढिसकेको थियो । हरेक घरदैलोअघि रातो कागजका टुक्राको थुप्रो देख्दा आश्चर्य लागेको थियो । पछि थाहा भयो, त्यो त पटाका पड्काएपछि थुप्रिएको कागतको थुप्रो रहेछ । चीनको सहरी क्षेत्रमा पटाका पड्काउन प्रशासनले निषेध गरे पनि गाउँमा चाडपर्वमा धुमधामसँग पटाका पड्काइने रहेछ ।

छङ परिवारको घर पुग्दा ७० वर्ष नाघेकी छङ आमा हाम्रै बाटो हेर्दै थिइन् । बुढ्यौलीसँगै खुट्टा खोच्याउँदै हिँड्ने आमालाई छोराबुहारी र नातिनीहरूको आगमन वसन्त पर्व भित्रिएजस्तै भएको हुनुपर्छ । त्यही हुलमा एक जना अलगै मान्छे (पङ्क्तिकार) लाई देख्दा उनी सुरुमा अनकनाए पनि परिचय पछि सहज भइन् ।

वसन्त पर्व अथवा नयाँ वर्षको अघिल्लो दिन सिछुवानमा मानिसहरू आफ्नो पुर्ख्यौली घर र आफ्ना पुर्खाको चिहानमा पुगेर धुप बत्ती बाल्ने, फलफुल चढाउने, धुनी बाल्ने गर्छन् । धुप बाल्ने, फलफुल चढाउने आदि काम सकेपछि पटाकाको माला पड्काउने चिनियाँ परम्परा चाखलाग्दो छ । तीन अथवा बेजोड सङ्ख्यामा धुप हातमा लिएर तीनपटक झुकेर चिहानमा नमन गर्ने चिनियाँ संस्कृति अग्रजप्रति सम्मानको भावनाबाट अभिप्रेरित छ ।

आफ्नो जरा भुल्ने मानिसको भविष्य कहिल्यै राम्रो हुँदैन, त्यसकारण संसारका महान् कहलिएका मानिसहरू पनि जीवनको अन्तिम क्षणमा आफ्नो जरा खोज्दै जन्मथलो फर्केका इतिहास हामीले पढेका छौँ । सिद्धार्थ गौतमले गृहत्याग गरी बुद्धत्व प्राप्त गरे र जीवनभर विभिन्न ठाउँमा पुगेर प्रवचन र धर्मप्रचार गर्दै हिँडे । तर, जीवनका अन्तिम दिनमा बुद्ध कपिलवस्तु फर्किन चाहन्थे । विडम्बना, कपिलवस्तु फर्किने क्रममा उनको कुशी नगरमै निधन भयो । पुर्ख्यौली थलोको मोह र पुर्खाप्रतिको सम्मान चीनको चिहानअघि अर्चना गर्ने परम्परामा पनि झल्किन्छ ।

वसन्त पर्व मनाउन सहरबाट आएका मानिसको चहलपहलले गाउँ नै जीवन्त भएको

देखिन्थ्यो । वर्षौँपछि भेटेका आफन्त, गाउँले, छरछिमेकी, बाल्यकालीन मित्रहरूले भेटघाटका क्रममा बोलेका आत्मीय संवाद, हाँसो, व्यङ्ग्य बुझ्न मलाई चिनियाँ भाषाको ज्ञान आवश्यक भएन । त्यो आत्मीयता र मित्रताको भाव बुझ्न भाषाको खाँचो थिएन । भाषा बेग्लै भए पनि भावनाको रङ्ग एउटै हुने गर्छ ।

पुर्खाको नमनपछि गाउँका हरेक परिवार एउटै टेबुल वरपर बसेर अनेक परिकारका खाना चिनियाँ शैलीमा चपस्टिक (ख्वाइच) ले टिप्दै खाँदै थिए । हाम्रोतिर हामीले समेबजी खाएजस्तै । गाउँले बुढी बाजेबज्यैहरू फङ आमालाई छोरा बुहारी र नातिनीहरूबारे सोधखोज गर्दै थिए । फङ आमा आफ्ना सन्ततिबारे आफ्ना समवयीहरूलाई खुसीले दङ्ग पर्दै सुनाउँदै थिइन् । त्यही हुलमा मलाई नियाल्दै गाउँलेको अनुहारमा देखिने उत्सुकता मेट्दै फङ आमा भन्थिन्, उनी विदेशी हुन् । विश्वविद्यालयको विद्यार्थी । हामीसँग नयाँ वर्ष मनाउन आएको ।

च्यानसिङ सिछुवानको सानो सहर हो । त्यही सहरको छेउमा पर्ने फङ परिवारको गाउँ कुनै नेपाली गाउँजस्तै छ । वरपर होचा पहाडका थुम्का, धुपीको जङ्गल, तरकारी बारी, गहुँ खेत, आँगनछेउको करेसाबारी, हाँस, कुखुरा अनि तोरीबारी । बेला बेला म चीनको गाउँमा आएको कुरा भुल्न त्यहाँको परिवेश प्रशस्त थियो । करेसामा रायोको साग, पालुङ्गोको साग, मुला, गाँजर, बन्दाकोबी, धनियाँ अनि खेतमा हँसिया, डोको देख्दा मलाई मेरै गाउँमा पुगेजस्तो अनुभव भयो । त्यहीँ कतै मेरी आमा, ठुली आमाहरू काम गर्दै छन् कि जस्तो भान भयो ।

फङ परिवारको घर पनि फङ आमाजस्तै उमेरदार भइसकेको छ । तर, फङ आमासँग बुढ्यौलीमा पनि काम गर्ने ऊर्जा कति पनि कम नभएजस्तै त्यो गाउँले घरभित्र पनि सबैथरी सुविधा थियो । न्यानो बनाउने हिटरदेखि चिटिक्क परेको भान्छा, स्नानगृह, प्रशस्त न्यानो कपडा भएको शयन कक्ष, टीभी, फ्रिज, पङ्खा आदि ।

घरमा ग्यासले बल्ने चुल्हो भए पनि अझै पुरानो शैलीको चुल्हो पनि चलाएकै थियो । दाउराले बालिने त्यो पुरानो चुल्हो नेपाली घरको चुल्होभन्दा अग्लो र अझ सजिलो खालको थियो । चुल्होलाई पूजा गर्ने नेपाली परम्परा चीनको त्यो गाउँमा पनि देखियो ।

चीन उस्तै पनि परिकारमा धनी मानिन्छ । त्यसमाथि सिछुवान अनेक थरी परिकारले समृद्ध प्रान्त मानिन्छ । सिछुवानको कुरा गर्नेबित्तिकै मानिसहरू सुरुमै पिरो र मसलादार खाने परिकारबाट कुराकानी सुरु गर्छन् ।

तिमीलाई सिछुवानको पिरो खाना मन पर्छ ? तिमी सिछुवानको पिरो र मसलादार खाना खान सक्ने भयौ ? जस्ता आदि प्रश्न दिनहुँ सामना गरिने प्रश्न हुन् ।

गाउँ फन्को लगाएर घर पुग्दा हामी सबै थकाइले लखतरान भइसकेका थियौँ । सबैलाई चर्को भोक लागिसकेको थियो । सबै मिलेर हतारमा ठुलो आकारको वृत्ताकार टेबुलको माथि वृत्ताकार घुमाउन मिल्ने बाक्लो सिसामा सबै परिकार सजाइयो । मासुका अनेक परिकार, साग, तोफु, आलु, बदाम आदि अनेकानेक परिकार चपस्टिकले टिप्दै खान थाल्यौँ । बिचबिचमा सिन नियान ख्वाइ ल (नयाँ वर्षको शुभकामना) भन्दै एकआपसलाई खानाको परिकार थाल (बोउल) मा राख्दै खाइसक्दा दिनले ढल्किने सुर गरिसकेको थियो ।

मध्यरात नयाँ वर्ष सुरु हुँदै थियो । त्यसैले घरका कसैलाई निद्रा लागेको थिएन । पूरै गाउँ सुतेको थिएन । बिचबिचमा पड्काइने पटाकाले कसैलाई सुत्न पनि दिएको थिएन । फङ परिवारले बजार गएर किनेका तीन बाकस पटाका मध्यरात कुरिरहेको थियो । जसै मध्यरात भयो, चारैतिर पटाका पड्काइयो । विभिन्न बान्कीका ती पटाकाले आकाशभरि चहकिलो उज्यालो फूल फुलायो । पटाकाको आवाजले चारैतिरका रनवन थर्किए । टेलिभिजनमा चीन र संसारभर चिनियाँ नयाँ वर्षको अवसरमा आयोजित सांस्कृतिक कार्यक्रमको प्रत्यक्ष प्रसारण भइरहेको थियो । त्यो टेलिभिजन कार्यक्रमले संसारमा सबभन्दा बढी हेरिने टेलिभिजन कार्यक्रमको रेकर्ड कायम गऱ्यो ।

मध्यरात ढिलासम्म परपरसम्म पटाका पड्काइएको आवाज कोठामा सुनिएको थियो ।

नयाँ वर्षको स्वागत गर्न बजारमा पटाका किन्न जाँदा बजार नेपालको तिहारको बजार जस्तै व्यस्त थियो । मानिसहरू अनेकानेक सामान किन्दै थिए । पसलेहरू ग्राहकलाई फकाउँदै सामान बेच्न जोडतोडले लागेका थिए ।

वसन्त पर्वमा चिनियाँहरूको रौनक देख्दा नेपालीलाई दसैँ लाग्दा जस्तै थियो । केटाकेटीहरू आफ्ना आमाबुबा र अग्रजबाट होँगपाउ (रातो खाम) माग्दै थिए । होँगपाउमा पैसा राखेर सानालाई दिने चिनियाँ परम्परा छ । त्यही होँगपाउमा पाएको पैसा केटाकेटीहरू फुरुङ्ग भएर बारम्बार गनिरहेका देखिन्थे । परिवारका सदस्यहरू आपसमा पोकर (तास) खेलिरहेका थिए । भान्छामा अनेकथरी परिकार पाक्दै थियो । गाउँको बाटोमा लगातार गाडी दौडिरहेका थिए । ती गाडीहरू आफन्तलाई भेट्न हतारमा दौडिरहेका हुन् ।

फङ परिवारसँग फङ महोदयका फुपूलाई भेट्न जाँदा उनीहरू ख्वाच (खर्बुजाको बियाँ) खाइरहेका थिए । भुइँभरि ख्वाचका बोक्राले भुइँ नै कालो देखिएको थियो । श्रीमती फङले फुपुको परिवारका सबै सदस्यलाई ह्वाङपाउ दिइन् । वसन्त पर्वको बेला आफन्तको घरमा भेटघाटको लागि जाँदा यसरी पैसा राखेर रातो खाम दिने चिनियाँ परम्परा हो ।

वसन्त पर्वमा चिनियाँहरू थानयुआन (गुलियो स्वादको सानो गोलो आकारको पिठोबाट बनेको रसदार परिकार) र च्याउच (नेपालमा पाइने लाम्चो म:म:) विशेष परिकारको रूपमा खाने चलन छ । एकाबिहानै फङ आमाले ती परिकार बनाएर हामीलाई बिहान खुवाउन ठीक पारेकी थिइन् । काठमाडौँमा योमरी पुन्हिको दिन योमरी विशेष परिकारको रूपमा खाएजस्तै चिनियाँहरू आफ्नो नयाँ वर्षमा ती परिकार खान्छन् ।

फङ परिवारसँग अर्को दिन सिछुवानको प्राचीन लानचाउ नगरमा पुग्दा चाडपर्वमा परिवारसँग घुम्न आएका चिनियाँहरूको भीडले उभिनेधरी ठाउँ पाउन मुस्किल थियो । चीनका हरेक सहरमा पुराना बस्तीलाई प्राचीन अथवा सांस्कृतिक सहर भन्दै संस्कृति र इतिहास प्रतिबिम्बित हुने गरी विकास गरेको पाउँछौँ । साँघुरा गल्ली, पुराना घर, प्राचीन बाटाघाटालाई पनि सफा चिटिक्क बनाएर बजारको रूपमा विकास गर्ने चिनियाँ अभ्यासले संस्कृति, इतिहास र परम्पराको संरक्षण हुनुका साथै धेरै स्थानीय मानिसले रोजगारी पाएका छन् । स्थानीय उत्पादन, प्रविधि र ज्ञानको पनि संरक्षण भएको देखिन्छ । लानचाउमा पुग्दा बाटोभरि पुरानो प्रविधिबाट निकालिएको तेल, होको मसला, सुकुटी आदि बिक्रीमा राखिएका थिए । चीनको उत्तरपश्चिम प्रान्त सिन्च्याङका मानिसहरूले बेच्न राखेका भेँडाको सेकुवा खान मानिसको लाम लागेको देखिन्थ्यो ।

नयाँ वर्षमा परिवारसँग यसरी कतै घुम्न जाने चिनियाँ परम्पराको कारण वसन्त पर्व संसारकै सबभन्दा बढी सङ्ख्यामा मानिस घुम्न निस्कने समय मानिन्छ ।

लानचाउ ऐतिहासिक हिसाबले पनि महत्त्वपूर्ण ठाउँ हो । छिङ वंशमा सिछुवानका प्रमुख प्रशासनिक केन्द्रमध्ये त्यो सानो नगर पनि एउटा थियो । सन् १९३५ को जापानविरोधी सङ्घर्षको क्रममा मार्च २८ देखि ३१ सम्म केन्द्रीय लालसेनाको उत्तरतिरको अभियानको क्रममा लाल सेनाका चार वटा प्रमुख शक्तिले पार गरेका कठिन गल्छीमध्ये एउटा लानचाउ गल्छी पनि थियो । लाल सेनाले उतिबेला बीस मिटर चौडा र ६ मिटर गहिरो च्यालिङ नदी पार गरेको वीरतालाई स्मरण गर्दै त्यहाँ लालसेनाको स्मृति पार्क पनि बनाइएको छ ।

च्यानसिङ बसाइँको अन्तिम दिन थप विशेष थियो । त्यो दिन फङ परिवारले आफ्ना आफन्त र मित्रजनलाई नयाँ वर्षको भोज बोलाएको थियो । अघिल्लो दिन हामी सबै नै किनमेलमा व्यस्त भयौँ । उनीहरूको तयारी देख्दा मलाई दसैँमा नेवा समुदायमा नख:त्या बोलाएको स्मरण भयो । मध्यरातसम्म पनि श्रीमती फङलाई भान्छाको सबै काम धन्दा गरेर सकेको थिएन ।

भोलि बिहानै फङ महोदयले मलाई गाउँकै एउटा भाडामा भोजका सामान दिने घरमा लिएर गए । हामीले सँगै नख:त्याको लागि चाहिने मेच, टेबुल आदि सामान लिएर आयौँ । पछि एकजना आफन्तसँगै गएर त्यहींबाट चिनियाँ परम्परागत खेल माजाङ खेल्ने टेबुल लिएर आयौँ । चिनियाँ परिवारमा यस्ता विशेष अवसरमा माजाङ खेल्ने चलन छ । मैले निकै घोत्लिएर हेर्दा पनि माजाङ खेल्ने तरिकाबारे कुनै मेलोमेसो पाइन । मलाई कता कता तास खेलेजस्तो लागे पनि खासमा तास र माजाङमा धेरै अन्तर हुने बताइयो । मेरा एक जना गुरुका ७० वर्षकी आमा दिनभर माजाङ खेल्ने कुरा हामीलाई सुनाउँदै थिए । अनि त्यसमा उनी निकै खुसी थिए किनभने माजाङले मानिसको दिमागलाई चालु राख्ने र बुढ्यौलीमा समय बिताउन यो निकै राम्रो खेल भएको बताएका थिए ।

माजाङ र पोकर खेल्दै फङ परिवारका आफन्त र मित्रहरू नजिकै टेबुलमा राखिएका मुन्तला, खर्बुजाको बियाँ, अनेक थरी मिठाइ, दही आदि खाँदै थिए ।

पारिवारिक जमघटमा रमाइलो भोज भयो । टेबुलको चारैतिर बसेका पाहुनाहरू बारम्बार रक्सी पिउने सानो प्याला उठाउँदै र टेबुलमा ठोक्दै नयाँ वर्षको शुभकामना व्यक्त गर्दै थिए । सबैले कहिले सबैलाई त कहिले एकआपसमा यसरी शुभकामना दिँदै अनेकथरी गफ गर्दै थिए । कहिलेकाहीँ भने उनीहरू मेरो र नेपालको बारेमा कुरा गर्थे । मलाई मैले चाहेजस्तो उत्तर दिन हम्मेहम्मे हुन्थ्यो । धन्न फङ महोदयले मेरोबारेमा धेरै कुरा पाहुनालाई प्रस्ट पार्थे । पाहुना बोलाइएको भोजमा अरु बेलाभन्दा बढी परिकार पाक्नु स्वाभाविक थियो । सबैले मनग्ये खाएर पनि टेबुलभरि परिकार बाँकी नै थियो ।

फङ परिवारका आफन्तजनले मलाई सहज व्यवहार गरेको देख्दा म चकित परेँ । खासमा चिनियाँ भाषा बोल्न गाऱ्हो भएकोले मलाई कता भागू कता लुकू जस्तो भएको थियो । मभन्दा बढी उनीहरू अङ्ग्रेजी भाषा बोल्न नजान्दाको अप्ठ्यारोले असहज मान्दै थिए । तर, मप्रति उनीहरूको उत्सुकताले भाषाको अल्पताका सबै असहजता तोडिएजस्तो लाग्यो । कहिले मोबाइलको अनुवादक, कहिले सङ्केत त कहिले आफूले जानेका केही शब्दको प्रयोगमार्फत हामीले एकआपसलाई अभिव्यक्त गर्यौँ ।

भिन्न संस्कृति, भिन्न देश, भिन्न रङ्ग र आस्थाका मानिसलाई पनि सहजै अँगाल्ने चिनियाँ ग्रहणशीलताका कारण चीनमा धेरै विदेशी विद्यार्थीले सहज अनुभव गर्छन् ।

च्यानसिङबाट छन्तुतिर फर्किँदा रात निकै गहिरो भइसकेको थियो । दिउँसो राजमार्गमा छन्तु फर्किने गाडीको सङ्ख्या धेरै हुने भएकोले राति नै फर्किने निधो भएपछि हामी ढिला राति फङ परिवारको घरबाट निस्कियौँ । फङ आमा छोरा, बुहारी र नातिनीहरूलाई निकै मायाले बिदा गर्दै थिइन् । नेपालका धेरै गाउँजस्तै चीनका गाउँहरूमा पनि हिजोआज प्रायश: ज्येष्ठ नागरिकमात्र बढी भेटिन्छन् । युवाहरू रोजगारी, व्यापार र पढाइको लागि सहरमा बस्छन् ।

हामीलाई बिदा गरेपछि फङ आमालाई पनि केही बेर आफ्नै घर पनि बिरानो लागेको हुनुपर्छ ।

किसानहरूसित गरेको सम्झौता कार्यान्वयन गर्न मोदी नेतृत्वको सरकारलाई दबाब दिन भारतका विभिन्न किसान सङ्गठनहरू आवद्ध संयुक्त किसान मोर्चाले आयोजना गरेको देशव्यापी ग्रामीण क्षेत्र हडतालको क्रममा हैदरावादमा राष्ट्रिय राजमार्गमा धर्ना दिइरहेका महिला किसानहरू फेब्रुअरी १६, २०२४ का दिन । मोदी सरकारको धोखाविरुद्ध भारतमा पुन: देशव्यापी किसान आन्दोलन उठ्दै छ । *तस्बिर : नोह सलिम /एएफपी*

रुसी विपक्षी नेता नभाल्नीको मृत्युबारे छानबिन गर्न राष्ट्रसङ्घ र पश्चिमा नेताहरूको आग्रह

संयुक्त राष्ट्रसङ्घ, ५ फागुन (एएफपी) । रुसी पुटिन प्रशासनको प्रखर आलोचक तथा विपक्षी नेता एलेक्सी नभाल्नीको जेलमा भएको मृत्युपछि संयुक्त राष्ट्रसङ्घ र पश्चिमा विश्वका प्रमुख शक्ति राष्ट्रका नेताहरूले घटनाको छानबिन गर्न आग्रह गरेका छन् ।

रुसमा पछिल्लो दशक सबैभन्दा प्रखर प्रतिपक्षी नेताको छवि बनाएका नभाल्नीको जेलमा निधन भएको कारागार प्रशासनले शुक्रबार जनाएको थियो ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले 'हिरासतमा भएको भनिएको नभाल्नीको मृत्युको परिस्थितिबारे पूर्ण विश्वसनीय तथा पारदर्शी छानबिन' हुनुपर्ने माग गर्नुभएको छ ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरसका प्रवक्ताले नभाल्नीको मृत्युबाट महासचिव स्तब्ध भएको बताएका छन् ।

एलेक्सीको नभाल्नीको मृत्युको विवरणले राष्ट्रसङ्घका महासचिव गुटेर्रेस 'स्तब्ध भएको' उहाँका प्रवक्ताले बताउनुभएको छ । यसैगरी राष्ट्रसङ्घको मानवअधिकार कार्यालयले स्वतन्त्र निकायमार्फत् घटनाको छानबिन हुनुपर्ने माग गरेको छ । 'बिनाकारण जस्तो देखिएको' नभाल्नीको कारावासबारे पनि आफूले बारम्बार कुरा उठाएको कार्यालयले आफ्नो विज्ञप्तिमा उल्लेख गरेको छ ।

अमेरिकाका राष्ट्रपति जो बाइडेनले घटनाका लागि रुसी राष्ट्रपति भ्लादिमिर पुटिन जिम्मेवार रहेको दावी गर्दै यसको निष्पक्ष छानबिन हुनुपर्ने बताउनुभएको छ ।

राष्ट्रसङ्घीय मानव अधिकार आयुक्त फोल्कर ट्यूर्कले गत वर्ष नभाल्नीलाई सुनाइएको लामो सजायले रुसले अदालती प्रणालीलाई राजनीतिक उद्देश्यका लागि प्रयोग गरेको देखाएको बताउनुभएको छ । "यदि कोही राज्यको हिरासतमा मर्छ भने त्यसका लागि राज्य जिम्मेवार हुने अन्तरराष्ट्रिय मान्यता छ," राष्ट्रसङ्घले भनेको छ ।

जर्मनीका चान्सलर ओलाफ स्कोल्जले नाभाल्नीको मृत्यु रुसी जनताका लागि 'ठूलो त्रासदी' भएको बताउनुभएको छ ।

बेलायतको विदेश मन्त्रालयले नाभाल्नीको मृत्युका लागि रुसी अधिकारीलाई पूर्ण रुपमा जिम्मेवार ठहऱ्याउन रुसी दूतावासलाई बोलाएको जनाएको छ ।

यसैगरी बेलायतका विदेशमन्त्री डेभिड क्यामरूनले नभाल्नीको मृत्युको परिणाम रुसले भोग्नुपर्ने चेतावनी दिनुभयो । जर्मनीमा जारी म्यूनिख सुरक्षा सम्मेलनमा क्यामरूनले भन्नुभयो, "रुसले यसको परिणाम बेहोर्नुपर्नेछ ।"

लाटभियाका राष्ट्रपति एडगर्स रिन्केभिक्सले 'क्रेमलिनले नभाल्नीको निर्मम हत्या गरेको' बताउनुभएको छ । त्यसैगरी, फ्रान्सका विदेशमन्त्री स्टेफन सेजोर्नले नभाल्नीको मृत्युले 'पुटिनको शासनको वास्तविकताको सम्झना गराएको' बताउनुभएको छ ।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले विगत दुई वर्षदेखि रुसी सेनासँग लडिरहेका बेला क्रेमलिनका आलोचकको हत्या भएको बताउनुभएको छ ।

नाभाल्नी सन् २०२१ को फब्रुअरीमा नभाल्नी सन् २०१४ मा सुनाइएको सजाय उल्लङ्घन गरेको आरोपमा जेल पर्नुभएको थियो । उहाँलाई सन् २०२० मा आफ्नो अवस्थाबारे प्रहरीलाई नियमित खबर नगरेको आरोप लगाइएको थियो ।

जापानद्वारा एच-थ्री नाम दिइएको नयाँ पुस्ताको रकेटको सफल परीक्षण

टोकियो, ५ फागुन (एएफपी) । जापानको अन्तरिक्ष निकाय (जाक्सा) ले आफ्नो नयाँ रकेटको सफल प्रक्षेपण गरेको छ ।

वर्षौंको ढिलाइ र यसअघिका दुई असफल प्रयासबाट निराशा भोगेको जाक्सालाई एच-थ्रीको सफल परीक्षणले उत्साहित बनाएको छ ।

नयाँ पुस्ताको एच-थ्रीलाई स्पेसएक्सको फाल्कन ९ को प्रतिद्वन्द्वीको रुपमा प्रस्तुत गरिएको छ र यसले एकदिन चन्द्रमाको सतहमा सामान पुऱ्याउने काम गर्नसक्छ ।

जाक्साका अध्यक्ष हिरोशी यामाकावाले भन्नुभयो, "म लामो समयदेखि अन्तरिक्ष अभियानमा छु, तर मैले पहिले कहिल्यै पनि यति धेरै खुसी महसुस गरेको थिइन र मैले कहिल्यै पनि यति राहत महसुस गरेको थिइन ।

जापानले गत महिना चन्द्रमामा मानवरहित यानको सफल अवतरण गरेपछि जापान चन्द्रमाको सतहमा यान अवतरण गर्ने पाँचौं देश बनेको छ ।

दक्षिणपश्चिमी जापानको तानेगाशिमा अन्तरिक्ष केन्द्रबाट स्थानीय समयअनुसार बिहान ९:२२ बजे प्रक्षेपण गरिएको एच-थ्री प्रक्षेपण गरिएको थियो ।

एजेन्सीको लाइभ स्ट्रिममा एच-थ्रीको इन्जिनले अपेक्षाकृतरूपमा काम गरेको र रकेटले यसलाई अन्तरक्षिको कक्षमा प्रवेश गराएको घोषणा गरेपछि जाक्सा कन्ट्रोल सेन्टरबाट ताली र आवाजद्वारा खुशी व्यक्त गरिएको चर्को आवाज सुनिएको थियो ।

जाक्सा र मित्सुबिशी हेभी इन्डस्ट्रिजद्वारा संयुक्त रूपमा विकास गरिएको एच-थ्री सन् २००१ मा सुरु भएको एच-आईआईए प्रक्षेपण प्रणालीको उत्तराधिकारी हो ।

"उच्च लचीलोपन, उच्च विश्वसनीयता र उच्च लागत प्रदर्शनको लागि डिजाइन गरिएको शिल्पले अन्तरिक्षमा जापानको स्वायत्त पहुँच कायम राख्नेछ," जाक्साले भनेको छ ।

वैज्ञानिकहरूले एच-थ्रीमा प्रयोग भएको विश्वकै पहिलो प्रविधिको परीक्षण महत्त्वपूर्ण रहेको बताएका छन् ।

युनिभर्सिटी अफ मेलबोर्नको मेलबर्न स्पेस ल्याबोरेटरीका निर्देशक मिचेल ट्रेन्टीले भन्नुभयो, "एच-थ्री रकेटमा पहिलो चरणको अद्वितीय इन्जिन छ यसले अत्याधुनिक रकेटको तुलनामा बढी सन्तुष्टि प्रदान गर्छ ।

"एच-थ्रीमा सबैभन्दा लागत प्रभावी रकेट हुने क्षमता छ जसले सौर्य प्रणालीको अन्वेषणलाई अझ किफायती बनाउनेछ," उहाँले भन्नुभयो ।

सन् २०२३ को फेब्रुअरीमा इन्धन प्रज्ज्वलनको समस्याले रकेटलाई जमिनमा गतिहीन बनाएपछि प्रक्षेपण रद्द गरिएको थियो ।

गत वर्षको मार्चमा दोस्रो पटक गरिएको प्रयासमा प्राविधिक समस्याका कारण प्रक्षेपण भएको केही समयपछि नै विस्फोट भएको थियो ।

सवैभन्दा पछिल्लो यो प्रक्षेपण पनि खराब मौसमका कारण चार दिन पछि सारिएको थियो तर शनिबार सफलतापूर्वक प्रक्षेपण गरिएको रकेटले दुईवटा साना स्याटेलाइट बोकेको छ ।

एउटा माइक्रोस्याटेलाइटले फोटो र भिडियो खिचेर विपद् रोकथाममा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

सेन्सरको साथ सुसज्जित अर्को स्याटेलाइट इन्फ्रारेड किरणहरू पत्ता लगाउन जमीनमा कारखानाहरूको सञ्चालन अवस्थाहरू पछ्याउने उद्देश्यले तयार पारिएको हो ।

जाक्साको लाइभ स्ट्रिमका अनुसार माइक्रोसेटेलाइट्सलाई छुट्याउने काम पनि भएको पुष्टि भएको थियो ।

जाक्साका एक अधिकारीले भने, "रकेटलाई सफलतापूर्वक अन्तरिक्षमा पुऱ्याएपछि हामी नतिजाको विश्लेषण जारी राख्नेछौं ।

फिन्डर्स युनिभर्सिटीकी अन्तरिक्ष अन्वेषण विज्ञ एलिस गोर्मनका अनुसार एच-थ्री पृथ्वीको कक्षमा भू-उपग्रह प्रक्षेपण गर्न, अन्तरिक्ष स्टेशनका लागि आपूर्ति यानको रूपमा काम गर्न र चन्द्रमामा जान सक्षम हुनेजस्ता बहुकार्य गर्नसक्ने रकेट हुनेछ ।

जापानले गत महिना चन्द्रमाको सतहमा 'मून स्नीपर' उपनाम दिइएको स्लिम अन्तरिक्षयान अवतरण गर्न सफल भएको थियो ।

बर्मिङ्घम विश्वविद्यालयका एस्ट्रोफिजिक्सका मानार्थ प्राध्यापक एड्रियन माइकल क्रुजका अनुसार हालैका असफलताका बावजुद जापानको अन्तरिक्ष कार्यक्रम आफ्नो अहिलेसम्मको प्रदर्शनभन्दा धेरै माथि पुगेको छ ।

उहाँले भन्नुभयो, "जापानले केही प्रमुख खेलाडीहरूलाई चुनौती दिँदै अन्तरिक्ष अन्वेषणका लागि भविष्यको महत्त्वाकांक्षा राखेको छ ।"

विश्व सङ्क्षेप

अमेरिका र चीनका विदेशमन्त्रीबिच म्युनिखमा 'रचनात्मक' वार्ता

वासिङ्टन, ५ फागुन (एएनआई) । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन र चिनियाँ विदेशमन्त्री वाङ यीबिच म्युनिख सुरक्षा सम्मेलनको क्रममा शुक्रबार भएको भेटवार्तामा 'स्पष्ट र रचनात्मक' छलफल भएको बताइएको छ ।

अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता म्याथ्यू मिलरका अनुसार शिखर सम्मेलनको क्रममा भएको भेट संवादको मार्ग खुला राख्न र त्यस सम्बन्धमा प्रतिस्पर्धालाई जिम्मेवारीपूर्वक व्यवस्थापन गर्न जारी प्रयासको एक भागको रूपमा भएको हो । भेटमा द्विपक्षीय, क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूको बारेमा छलफल भएको थियो ।

दुवै पक्षले पश्चिम एसिया र कोरियाली प्रायद्वीपको अवस्थाका बारेमा पनि विचार आदानप्रदान गरेका थिए र आ-आफ्ना वरिष्ठ अधिकारीहरूले यी छलफलहरूको अनुगमनका लागि बैठक गर्नुपर्नेमा जोड दिएका थिए ।

ब्लिन्केनले ताइवान स्ट्रेट र दक्षिण चीन सागरमा शान्ति र स्थिरता कायम गर्ने महत्त्वमा जोड दिएको वासिङ्टन स्रोतले जनाएको छ ।

ब्लिन्केन र वाङबिचको शुक्रबारको बैठक ताइवानको मध्य जनवरीमा भएको राष्ट्रपतीय निर्वाचनपछि दुई देशका वरिष्ठ अधिकारीहरूको पहिलो प्रत्यक्ष बैठक हो । उक्त अवसरमा चिनियाँ विदेशमन्त्री वाङले 'चीन-अमेरिका सम्बन्धको सुदृढ, स्थिर र दिगो विकास' गर्न आह्वान गर्नुभएको थियो ।

"दुवै पक्षले पारस्परिक सम्मान, शान्तिपूर्ण सहअस्तित्व र दुवैको जीत हुने सहकार्यका सिद्धान्तहरूको पालना गर्नुपर्दछ र दुई प्रमुख देशहरूलाई एकअर्कासँग घुलमिल हुनका लागि सक्रिय रूपमा सही मार्गको खोजी गर्नुपर्दछ," वाङलाई उद्धृत गर्दै चिनियाँ समाचार संस्था सिन्ह्वाले लेखेको छ ।

उहाँले भन्नुभयो, "संयुक्त राज्य अमेरिकाले यदि उसले 'ताइवान स्ट्रेटमा स्थिरताको साँच्चिकै आशा गर्दछ भने ताइवानको विकासलाई 'वस्तुनिष्ठ र तर्कसङ्गत रूपमा' हेर्नुपर्छ र एक चीन सिद्धान्तको पालना गर्नुपर्छ ।"

ब्लिन्केन र वाङबिच गत वर्षको अक्टोबरपछि र गत महिना भएको टेलिफोन वार्तापछि भएको यो पहिलो बैठक हो ।

ईयूले नाइजेरियाको ऊर्जा क्षेत्रमा चार करोड डलर लगानी गर्ने

अबुजा, ५ फागुन (सिन्ह्वा) । युरोपियन सङ्घ (ईयू) ले शुक्रबार नाइजेरियाको ऊर्जा क्षेत्रलाई सक्षम बनाउन तीन लाख ७० हजार यूरो (करिब ४० मिलियन अमेरिकी डलर) लगानी गर्ने प्रतिबद्धता गरेको छ ।

नाइजेरियाका लागि ईयू प्रतिनिधिमण्डलका प्रमुख सामुएला इसोपी र अबुजामा ऊर्जामन्त्री एडबेयो अडेलाबुबीचको बैठकमा उक्त घोषणा गरिएको थियो । इसोपीले वित्तीय प्रतिबद्धता २० करोड यूरो (२१ करोड ६० लाख डलर) अनुदानबाट अलग रही २००८ देखि नाइजरको ऊर्जा क्षेत्रमा लगानी गरिएको छ । प्रतिज्ञारत सहयोगको उदेश्य ऊर्जा क्षेत्रका महत्त्वपूर्ण क्षेत्रहरूलाई सम्बोधन गर्नु हो । पूर्वाधार र पहुँच बढाउनमा ध्यान केन्द्रित गर्दै इसोपीले कोषले स्वास्थ्य सेवा सुविधा तथा साना जलविद्युत् र सौर्य ऊर्जा विकासलगायतका पहलहरू लक्षित गर्नेछ ।

लगानी भिन्न तथा आपसमा जोडिएका साना-ग्रिडहरू समावेश रहेको ग्रामीण विद्युत परियोजनाहरूमा प्रयोग हुने नाइजेरियाका लागि ईयूका विशेष प्रतिनिधिले बताउनुभएको छ ।

उहाँले ईयूले दिगोपन र कुशल स्रोत उपयोग प्रवर्द्धन गर्ने प्रयासहरूमा अर्थव्यवस्था सिद्धान्तहरू एकीकृत गर्ने योजना बनाएको र यसै अनुसार परिपत्र गरिएको बताउनुभयो ।

बैठकमा अदेलाबुले नाइजेरियाको ऊर्जा क्षेत्रले सामना गरिरहेका चुनौतीको सम्बोधन गर्न थप सहयोग आवश्यक रहेको बताउनुभयो ।

नाइजेरिया सरकारले आर्थिक चुनौतीलाई सम्बोधन गर्ने उद्देश्यले महत्त्वपूर्ण नीतिगत परिवर्तनमा बिजुलीमा अनुदान अन्त्य गर्ने योजना बुधबार घोषणा गरेको छ ।

नाइजेरियाको ऊर्जा क्षेत्रमा लगानी गर्ने ईयूको प्रतिबद्धताले आर्थिक विकासलाई बढावा दिई नागरिकको जीवनस्तर सुधार गर्न अन्तर्राष्ट्रिय साझेदारीको महत्त्वलाई स्पष्ट पारेको अदेलाबुले बताउनुभयो ।

इजिप्टबाट गाजामा दुई लाख टन मानवीय सहायता पठाइयो

कायरो, ५ फागुन (सिन्श्वा) । इजिप्टले गाजा पट्टीको युद्धग्रस्त प्यालेस्टिनी क्षेत्रमा लगभग दुई लाख टन मानवीय सहायता पठाएको इजिप्टका सामाजिक एकता मन्त्री निभिन एल-कब्बागले शुक्रबार बताउनुभयो ।

इजिप्टको राजधानी कायरोमा 'रन फर गाजा म्याराथुन' मा भाग लिँदै उहाँले आवश्यक सेवाहरूको व्यवस्था गर्न, आपूर्ति श्रृङ्खला विस्तार गर्न करिब ३७ देशहरूबाट प्राप्त सहायता भण्डारण गर्न इजिप्टको रेड क्रिसेन्टको भूमिकाको प्रशंसा गर्नुभएको थियो ।

गाजाका लागि प्रदान गरिएको कूल राहत आपूर्तिको ६० प्रतिशत अर्थात् करिब दुई लाख टन सहायता प्रतिशत इजिप्टबाट विभिन्न मार्गबाट आएको मन्त्रीले उल्लेख गर्नुभयो ।

इजरायलले गत अक्टोबर ७ देखि गाजामा हमासविरुद्ध युद्ध चलाइरहेको छ । दक्षिणी इजरायलमा आन्दोलनजन्य आक्रमणपछि करिब एक हजार २०० मानिसहरूको मृत्यु भएको छ । गाजामा इजरायली नाकाबन्दी र बमबारीले अहिलेसम्म २८ हजार ७७५ प्यालेस्टिनीहरूको ज्यान लिएको हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

ललिता निवास प्रकरणमा कोको भए दोषी कसले पायो सफाइ

कैद, जरिबाना र जग्गा जफत

- **प्रमुख मालपोत अधिकृत कलाधर देउजा :** दुई वर्ष कैद र ७५ लाख रुपियाँ जरिबाना
- **भूमिसुधार तथा व्यवस्थापन विभागका तत्कालीन महानिर्देशक मुकुन्दप्रसाद आचार्य :** दुई वर्ष कैद र ७५ लाख रुपियाँ जरिबाना
- **तत्कालीन मालपोत अधिकृत सुरेशमान कपाली :** दुई वर्ष कैद र ७५ लाख रुपियाँ जरिबाना
- **मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन नायब सुब्बा जगतप्रसाद पुडासैनी :** दुई वर्ष कैद र ७५ लाख रुपियाँ जरिबाना
- **मालपोतकै तत्कालीन खरिदार युक्तप्रसाद श्रेष्ठ :** दुई वर्ष कैद र ७५ लाख रुपियाँ जरिबाना
- **मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन अधिकृत टीकाराम घिमिरे :** सात लाख जरिबाना र ६ महिना कैद
- **नापी कार्यालय काठमाडौंका तत्कालीन नापी अधिकृत मोहम्मद साबिर हुसैन :** सात लाख जरिबाना र ६ महिना कैद
- **मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन नायब सुब्बा श्रीहरि पुडासैनी :** सात लाख जरिबाना र ६ महिना कैद
- **मालपोतका पूर्वखरिदार श्यामकुमार खत्री :** सात लाख जरिबाना र ६ महिना कैद
- **मालपोत कार्यालय डिल्लीबजारका मालपोत अधिकृत हरिकृष्ण तिमल्सिना :** ८० लाख ४८ हजार र दुई वर्ष कैद
- **मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन अधिकृत परशुराम पोखरेल :** ८० लाख ४८ हजार र दुई वर्ष कैद
- **मालपोतका तत्कालीन अधिकृत कृष्णप्रसाद पौडेल :** ८० लाख ४८ हजार र दुई वर्ष कैद
- **मालपोतका तत्कालीन नायब सुब्बा प्रकाश नारायण भट्ट :** ८० लाख ४८ हजार र दुई वर्ष कैद
- **मालपोतका तत्कालीन नायब सुब्बा टङ्गनाथ पौडेल :** ८० लाख ४८ हजार र दुई वर्ष कैद
- **मालपोतका तत्कालीन अधिकृत प्रेमबहादुर खापुङ :** जरिबाना ८० लाख ४८ हजार र दुई वर्ष कैद
- **मालपोतका तत्कालीन नायब सुब्बा अर्जुन खतिवडा :** ८० लाख ४८ हजार र दुई वर्ष कैद
- **भूमिसुधार कार्यालय काठमाडौंका तत्कालीन भूमि सुधार अधिकारी शङ्करप्रसाद सुवेदी :** ८० लाख ४८ हजार र दुई वर्ष कैद
- **भूमिसुधारका तत्कालीन नायब सुब्बा अङ्गुर सिग्देल :** ८० लाख ४८ हजार र दुई वर्ष कैद
- **भूमिसुधारका तत्कालीन नायब सुब्बा केदारप्रसाद श्रेष्ठ :** ८० लाख ४८ हजार र दुई वर्ष कैद
- **भूमिसुधारका तत्कालीन उपसचिव हुपेन्द्रमणि केसी :** सात लाख जरिबाना र ६ महिना कैद
- **भूमिसुधार मन्त्रालयका तत्कालीन सचिव एवं पूर्वमन्त्री छविराज पन्त :** ८० लाख ४८ हजार जरिबाना र दुई वर्ष कैद
- **भौतिक योजना तथा निर्माण मन्त्रालयका तत्कालीन सचिव दीप बस्न्यात :** ८० लाख ४८ हजार जरिबाना र दुई वर्ष कैद
- **गुठी संस्थानका तत्कालीन मुख्य अधिकृत हरिबोल आचार्य :** एक वर्ष कैद र ४१ लाख ६७ हजार ५२९ रुपियाँ जरिबाना
- **गुठी संस्थानकै तत्कालीन वरिष्ठ सहायक रामेश्वर बिडारी :** एक वर्ष कैद र ४१ लाख ६७ हजार ५२९ रुपियाँ जरिबाना
- **गुठी संस्थानकै तत्कालीन प्रशासक सेमन्तराज चापागाईं :** एक वर्ष कैद र ४१ लाख ६७ हजार ५२९ रुपियाँ जरिबाना
- **गुठी संस्थानका तत्कालीन सहप्रशासक हेमराज सुवेदी :** एक वर्ष कैद र ४१ लाख ६७ हजार ५२९ रुपियाँ जरिबाना
- **भूमिसुधार मन्त्रालयका तत्कालीन सहसचिव तेजराज पाण्डे :** एक वर्ष कैद र ४१ लाख ६७ हजार ५२९ रुपियाँ जरिबाना
- **गुठी संस्थानका तत्कालीन सहायक प्रशासक तुलसी पोखरेल :** एक वर्ष कैद र ४१ लाख ६७ हजार ५२९ रुपियाँ जरिबाना
- **गुठी संस्थानका तत्कालीन उपप्रशासक हरिप्रसाद जोशी :** एक वर्ष कैद र ४१ लाख ६७ हजार ५२९ रुपियाँ जरिबाना
- **गुठी संस्थानका तत्कालीन प्रशासक बलिरामप्रसाद तेली :** एक वर्ष कैद र ४१ लाख ६७ हजार ५२९ रुपियाँ जरिबाना
- **गुठी संस्थानका तत्कालीन कामु प्रशासक दिलिपकुमार भट्ट :** एक वर्ष कैद र ४१ लाख ६७ हजार ५२९ रुपियाँ जरिबाना
- **गुठी संस्थानका तत्कालीन सहायक नवराज पौडेल :** एक वर्ष कैद र ४१ लाख ६७ हजार ५२९ रुपियाँ जरिबाना
- **गुठी संस्थानका तत्कालीन सहायक प्रशासक शैलेन्द्र पौडेल :** एक वर्ष कैद र ४१ लाख ६७ हजार ५२९ रुपियाँ जरिबाना
- **गुठी संस्थानका तत्कालीन उपप्रशासक जयप्रसाद रेग्मी :** एक वर्ष कैद र ४१ लाख ६७ हजार ५२९ रुपियाँ जरिबाना
- **मालपोतका तत्कालीन नायब सुब्बा फणीन्द्रप्रसाद दाहाल :** एक वर्ष कैद र ४१ लाख ६७ हजार ५२९ रुपियाँ जरिबाना
- **मालपोतका तत्कालीन नायब सुब्बा मणिकुमार राना :** एक वर्ष कैद र ४१ लाख ६७ हजार ५२९ रुपियाँ जरिबाना
- **मालपोत कार्यालयका तत्कालीन शाखा अधिकृत बद्रीबहादुर कार्की :** एक वर्ष कैद र ४१ लाख ६७ हजार ५२९ रुपियाँ जरिबाना
- **मालपोत कार्यालयका तत्कालीन उपसचिव लक्ष्मीनारायण उप्रेती :** एक वर्ष कैद र ४१ लाख ६७ हजार ५२९ रुपियाँ जरिबाना
- **मालपोतका तत्कालीन अधिकृत निदेशप्रसाद शर्मा :** एक वर्ष कैद र ४१ लाख ६७ हजार ५२९ रुपियाँ जरिबाना
- **रुक्म शमशेर जबरा :** दुई वर्ष कैद र ७५ लाख रुपियाँ जरिबाना
- **हाटक शमशेर जबरा :** दुई वर्ष कैद र ७५ लाख रुपियाँ जरिबाना
- **हेमन शमशेर जबरा :** दुई वर्ष कैद र ७५ लाख रुपियाँ जरिबाना
- **सुनिती राणा :** दुई वर्ष कैद र ७५ लाख रुपियाँ जरिबाना र दोस्रोमा सात लाख जरिबाना र ६ महिना कैद
- **शैलजा राणा :** दुई वर्ष कैद र ७५ लाख रुपियाँ जरिबाना
- **हर्ष महर्जन :** दुई वर्ष कैद र ४४ लाख ८० हजार जरिबाना
- **डिएलएफ डेम्लपर्स :** जग्गा जफत
- **भाटभटेनी सुपरमार्केट :** जग्गा जफत
- **श्रीकृष्ण महर्जन :** दुई वर्ष कैद र एक करोड ९० लाख ४० हजार
- **चमेली श्रेष्ठ :** जग्गा जफत अन्यमा सफाइ
- **कान्छा महर्जन :** दुई वर्ष कैद र ५२ लाख ८० हजार जरिबाना
- **देवनारायण महर्जन :** दुई वर्ष कैद र दुई करोड ९७ लाख ६० हजार जरिबाना
- **तीर्थमाया महर्जन :** दुई वर्ष कैद र ६७ लाख २० हजार जरिबाना
- **रेना गुरुङ :** दुई वर्ष कैद र दुई करोड २७ लाख २० हजार जरिबाना
- **बाबुराजा महर्जन :** दुई वर्ष कैद र तीन करोड ४४ लाख जरिबाना
- **मचानानी महर्जन :** दुई वर्ष कैद र एक करोड ५५ लाख २० हजार जरिबाना
- **ग्वाराभाइ महर्जन :** दुई वर्ष कैद र एक करोड ८८ लाख ८० हजार जरिबाना
- **रजनी पनेरू :** जग्गा जफत अन्यमा सफाइ
- **बाबा कार्की :** जग्गा जफत अन्यमा सफाइ
- **अगम ढुङ्गाना :** जग्गा जफत अन्यमा सफाइ
- **खेमलाल खरेल तीन :** जग्गा जफत अन्यमा सफाइ
- **लक्ष्मी ढकाल :** जग्गा जफत अन्यमा सफाइ
- **तीर्थमाया महर्जन :** दुई वर्ष कैद र तीन करोड ९० लाख ४० हजार जरिबाना
- **देवनारायण महर्जन :** दुई वर्ष कैद र तीन करोड ६ लाख ७२ हजार जरिबाना
- **इन्द्रबहादुर थापा क्षेत्री :** दुई वर्ष कैद र ६ लाख २३ हजार ५०० जरिबाना
- **शान्ति मल्ल प्रधानाङ्ग :** दुई वर्ष कैद र ६ लाख २३ हजार ५०० जरिबाना
- **मिठुदेवी चापागाईं :** दुई वर्ष कैद र ६ लाख २३ हजार ५०० जरिबाना
- **सरस्वतीकुमारी श्रेष्ठ :** दुई वर्ष कैद र ६ लाख २३ हजार ५०० जरिबाना
- **निर्मलादेवी श्रेष्ठ :** दुई वर्ष कैद र दुई लाख ७१ हजार ९०० जरिबाना
- **मोहनप्रसाद भट्टराई :** दुई वर्ष कैद र चार लाख ६४ हजार २००
- **वैकुण्ठ शर्मा रेग्मी :** दुई वर्ष कैद र एक लाख ५० हजार
- **खिमादेवी आङबुहाङ :** दुई वर्ष कैद र दुई लाख ८६ हजार
- **शशीकला सुब्बा :** दुई वर्ष कैद र एक लाख ७८ हजार २००
- **विद्या पौडेल गौतम :** दुई वर्ष कैद र एक लाख ३१ हजार ३००
- **सोदाकुमारी चापागाईं :** दुई वर्ष कैद र ९३ हजार ७५०
- **भुवनकुमारी चौलागाईं :** दुई वर्ष कैद र सात लाख ५९ हजार ४००
- **उर्मिला शाह :** दुई वर्ष कैद र दुई लाख ८६ हजार
- **रामनाथ घिमिरे :** एक लाख ७८ हजार २००
- **रामकल्याण अधिकारी :** दुई वर्ष कैद र सात लाख ५९ हजार ४००
- **शोभाकान्त ढकाल :** दुई वर्ष कैद र ८० लाख ४८ हजार रुपियाँ जरिबाना
- **रामकुमार सुवेदी :** दुई वर्ष कैद र ८० लाख ४८ हजार रुपियाँ जरिबाना
- **मीनबहादुर गुरुङ :** दुई वर्ष कैद र ८० लाख ४८ हजार रुपियाँ जरिबाना

जग्गा जफत ठहर भएका

- कल्पना तुलाधार
- शर्मिला शाका वज्राचार्य
- प्रगति कंसाकार
- गैरआवासीय नेपाली सङ्घ
- कामना गुरुङ
- कल्याण गुरुङ
- सज्जनकुमार चाचान
- देवान्सी गोयल
- सरस्वती घले गुरुङ
- सरला घले
- मनोजकुमार केडिया
- मनोजकुमार गौतम
- मन्ती गोर्खाली
- निर्मलादेवी गोयल
- निकिता तुलाधार
- अभिताम्भ तुलाधार
- उमा प्रसाईं
- युरिशोभा तुलाधार
- रेणुका वज्राचार्य
- सुविस्ता तुलाधार
- अञ्जना तुलाधार ताम्राकार
- चन्द्रिका कंसाकार तुलाधार
- सानुछोरी वज्राचार्य
- सिपिका खेतान
- सुष्मा वज्राचार्य
- सन्ध्या शाका
- सङ्गीता राखेचा/काठोरी बोथरा
- नुतन श्रेष्ठ
- धर्मशोभा शाक्य
- डिम्पल वंशल
- सरिता मानन्धर श्रेष्ठ
- गीता गौतम खनाल
- नितु गुरुङ
- रीता ओझा गौतम
- रत्नहिरा वज्राचार्य
- प्रतिभा वैद्य
- प्रतिमा वैद्य प्रधान
- प्रवीण ताम्राकार
- विजय ताम्राकार
- माया शेर्पा गौचन
- महेशराजा तुलाधार
- द्वारिकादेवी श्रेष्ठ
- इन्द्रदेव गुरुङ
- इन्दु शर्मा
- सन्दीप ढकाल
- भवानी जोशी
- भारती पाण्डे
- विवेककुमार सुवेदी
- केशव तुलाधार
- अनितादेवी कंसाकार
- ओम वीरमान ताम्राकार
- अनिलमान ताम्राकार
- गोविन्दलाल सङ्घाई
- गायत्री श्रेष्ठ कंसाकार
- पञ्चनारायण महर्जन
- राधा सिग्देल आचार्य
- मचाबाबु प्रजापति
- रुपेशकुमार सेवेदी
- सरोज ढकाल
- पहलमान गुरुङ
- पुरुषोत्तम पौडेल
- प्रमोद शेरचन
- कनक हर्बल
- अच्युतराज श्रेष्ठ
- विजेन्द्र जोशी
- द्वीलक्ष्मी श्रेष्ठ

सफाइ पाएका

- भौतिक योजनाकै पूर्वमन्त्री विजयकुमार गच्छदार
- पूर्वमन्त्री डम्बर श्रेष्ठ
- पूर्वमन्त्री चन्द्रदेव जोशी
- भूमिसुधारका तत्कालीन सचिव दिनेशहरि अधिकारी
- भवन निर्माणकै इन्जिनियर सुरेशराज राजकर्णिकार
- भूमिसुधार तथा व्यवस्थापन विभागका तत्कालीन अधिकृत प्रसाद गौतम
- भूमिसुधार तथा व्यवस्था विभागका तत्कालीन महानिर्देशक रुद्रकुमार श्रेष्ठ
- विभागकै पूर्वनिर्देशक पुष्पराज उपाध्याय
- विभागका शाखा अधिकृत इन्द्रप्रसाद ढुङ्गाना
- मापलोत कार्यालयका तत्कालीन खरिदार जीवनाथ पोखरेल
- समरजद्र कम्पनीका तत्कालीन नायब सुब्बा अर्जुन भण्डारी
- नापी कार्यालय डिल्लीबजारका तत्कालीन नापी अधिकृत कमल घिमिरे
- नापीका तत्कालीन सर्वेक्षक देवबहादुर लामिछाने
- नापीका तत्कालीन अमिन भरतचन्द्र अर्याल
- नापीका तत्कालीन अधिकृत जनकबहादुर भण्डारी
- सहरी विकास तथा भवन निर्माण विभागका तत्कालीन महानिर्देशक अशोकनाथ उप्रेती
- भवन निर्माण सम्भार डिभिजनका तत्कालीन इन्जिनियर राजेन्द्रमान श्रेष्ठ
- भवन निर्माणकै तत्कालीन सिनियर डिभिजन इन्जिनियर बालकृष्ण श्रेष्ठ
- हेमाद्री शमशेर जबरा
- माधवी सुवेदी : जग्गा जफत अन्य कसुरमा सफाइ
- उमाकुमारी ढकाल्नी : जग्गा जफत अन्यमा सफाइ

स्रोत : गोरखापत्र, २०८० फागुन ४

सहकारीलाई व्यवस्थित गर्न सरोकारवाला सबै जिम्मेवार हुनुपर्ने

भक्तपुर, ५ फागुन । भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.को आर्थिक वर्ष २०८०/८१ को अर्धवार्षिक समीक्षा शनिबार एक समारोहबिच शनिबार सम्पन्न भयो ।

उक्त समारोहको उद्घाटन गर्दै नेफ्स्कुनका अध्यक्ष चन्द्रप्रसाद ढकालले आदर्श सामाजिक संस्थाको परिष्कृत रूप सहकारी संस्था भएको चर्चा गर्दै कार्यपद्धति, सुशासन र प्रजातान्त्रिक अभ्यासको हिसाबले भक्तपुरका सहकारी संस्थाहरू नमुना संस्थाको रूपमा विकास भइरहेको बताउनुभयो ।

कुनै पनि सहकारी संस्थामा देखिएको गलत कार्य र गलत पद्धतिको विरोध गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले संस्थाले सहकारी मूल्य र मान्यता, संस्कार र आदर्शलाई अक्षुण्ण राख्नुपर्नेमा जोड दिनुभयो ।

सहकारीलाई व्यवस्थित गर्न सरोकारवाला सबै जिम्मेवार हुनुपर्ने विचार व्यक्त गर्दै उहाँले कर्जा असुल्न प्रक्रियामा गएर समस्या समाधान गर्नुपर्छ भन्नुभयो ।

संस्थाका सल्लाहकार विष्णुगोपाल कुसीले सर्वसाधारण जनताको बचत ठग्ने, पैसा लिएर भाग्ने सञ्चालक या पदाधिकारीहरूलाई कारबाही गर्नुपर्नेमा जोड दिँदै कालोसूचीमा रहेका सहकारी संस्थालाई नियन्त्रण गर्ने नाउँमा राम्ररी सञ्चालन भइरहेका सहकारीको काममा बाधा हुने गरी ऐन कानुन बनाइए त्यो सह्य नहुने बताउनुभयो ।

भक्तपुर बचतको संरक्षणमा चलिरहेको आदर निकेतनलाई निरन्तरता दिन कोष बढाउने क्रियाकलाप गरिरहनुपर्ने विचार पनि उहाँले व्यक्त गर्नुभयो ।

संस्थाका अध्यक्ष एवं अर्धवार्षिक समीक्षाका सभापति निर्मल प्रजापतिले सहकारी संस्था विदेशीको उठबसमा चल्न नहुने विचार व्यक्त गर्दै उहाँले सरोकारवाला निकायले नेपालमै सहकारीविज्ञ तयार गर्नुपर्ने बताउनुभयो ।

संस्थाका उपाध्यक्ष लक्ष्मीप्रसाद कुसीले अत्यन्त व्यक्तिगत स्वार्थ पूरा गर्ने हुने खानेको कारण सहकारी संस्था बदनाम भइरहेको विचार व्यक्त गर्दै आदर निकेतन सहज ढङ्गले सञ्चालन भइरहेको बताउनुभयो ।

संस्थाका सचिव जगनाथ प्रजापतिले अर्धवार्षिक समीक्षाको आवश्यकताबारे औँल्याउँदै संस्थालाई गतिशील बनाउन, संस्था जनतामाझ विश्वासिलो बनाउने खालको सुझाव दिन उपसमितिका साथीहरूलाई आग्रह गर्नुभयो ।

संस्थाका कोषाध्यक्ष रामप्रसाद प्रजापतिले आ.व. २०८०/८१ को पुससम्मको वित्तीय विवरणको जानकारी दिनुभयो ।

कोषाध्यक्ष प्रजापतिबाट प्राप्त जानकारीअनुसार संस्थामा पुससम्मको जम्मा दायित्व ३ अर्ब ८७ करोड ७ लाख ९८ हजार ३५५ रूपैयाँ ३४ पैसा रहेको छ ।

पुससम्ममा संस्थामा ८,३७० जना सदस्य रहेका छन् ।

"बालबालिकाको क्यान्सर चाँडै निको हुन्छ"

काठमाडौँ, ५ फागुन । बालबालिकामा हुने क्यान्सरको समयमा नै उपचार गरे चाँडै निको चिकित्सकले बताएका छन् । उमेर पुगेका मानिसको तुलनामा बालबालिकामा देखिएको क्यान्सर समयमा उपचार गरे निको हुने सम्भावना धेरै रहेको चिकित्सकको भनाइ छ ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका बाल रोग तथा क्यान्सर रोग विशेषज्ञ डा. सूचारिका तण्डुकारले बढी उमेर भएका क्यान्सर रोगीको तुलनामा बालबालिकामा हुने क्यान्सरको समयमा उपचार गर्दा निको हुने सम्भावना धेरै रहेको बताउनुभयो । "वयस्क व्यक्तिमा क्यान्सरसँगै अन्य रोग पनि देखिन्छ", उहाँले भन्नुभयो ।

डा. तण्डुकारका अनुसार नेपालमा उपचारको पहुँच नहुँदा धेरै बालबालिकाको क्यान्सरका कारण अकालमा मृत्यु हुने गरेको छ । वार्षिक करिब एक हजारसम्म बालबालिकाले क्यान्सरको उपचार गर्नुपर्नेमा अहिले पाँच सयले मात्र उपचार गरिरहेको उहाँले जानकारी दिनुभयो ।

भक्तपुर क्यान्सर अस्पतालका बाल क्यान्सर रोग विशेषज्ञ डा. ऋतु सापकोटाले मुलुकमा बालबालिकामा देखिएको क्यान्सर ३० प्रतिशत निको हुने गरेको बताउनुभयो । "समयमै अस्पताल पुग्न नसक्दा पूर्ण उपचार नपाएर करिब ७० प्रतिशतमा पूर्ण निको हुँदैन", उहाँले भन्नुभयो । उहाँका अनुसार नेपालजस्तो अल्पविकसित मुलुकमा बालबालिकामा हुने क्यान्सर निको हुने दर कम रहेको छ ।

विकसित देशमा ८० देखि ९० प्रतिशत बाल क्यान्सर निको पार्न सकिने डा. सापकोटाले जानकारी दिनुभयो । गरिबी, उपचारमा कम पहुँच हुनुलगायत कारणले उपचारमा समस्या भइरहेको उहाँको भनाइ थियो ।

डा. सापकोटाले वयस्क मानिसलाई क्यान्सरसँगै अन्य रोग पनि देखिने भएकाले निको हुने सम्भावना कम हुने बताउनुभयो । "बालबालिकामा अन्य कुनै रोगको लक्षण हुँदैन । त्यसैले क्यान्सर निको हुने सम्भावना धेरै हुन्छ", उहाँले भन्नुभयो ।

नेपालमा क्यान्सर बिरामी बालबालिकामध्ये सन् २०३० सम्म ६० प्रतिशतलाई निको गराउने सरकारी लक्ष्य रहेको भक्तपुर क्यान्सर अस्पतालका बाल क्यान्सर रोग विशेषज्ञ डा. सापकोटाले जानकारी दिनुभयो । उहाँले मुलुकमा बालबालिकामा हुने ब्लड क्यान्सर ९० प्रतिशत निको भइरहेको उल्लेख गर्नुभयो ।

डा. सापकोटाका अनुसार बालबालिकलाई ब्लड क्यान्सर, आँखामा हुने क्यान्सर, कलेजो, हड्डी र मांसपेशीको क्यान्सर धेरै हुने गरेको छ । "बालबालिकामा १० प्रतिशत वंशानुगत गुणबाट र ९० प्रतिशत जिनको खराबीका कारण क्यान्सर हुने गर्दछ । जन्मेदेखि पाँच वर्ष मुनिका बालबालिकालाई बढी क्यान्सर लाग्ने जोखिम रहन्छ", उहाँले भन्नुभयो ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, बीपी कोइराला मेमोरियल, भक्तपुर क्यान्सर अस्पताल, कान्ति बाल अस्पतालमा बाल क्यान्सरको उपचार हुने गरेको छ । *रासस*

भक्तपुर नगरपालिका
खप अस्पताल भवन निर्माण आयोजना
च्याम्हासिङ्ग, भक्तपुर, फोन नं. ०१-६६२०५३२

Hospital Furniture कार्यको शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/११/०६ गते

ख्वप अस्पताल भवन निर्माण कार्यअन्तर्गत Hospital Furniture Work सामानसहित कार्य गर्नुपर्ने भएकोले सम्बन्धित कार्यको इजाजत प्राप्त फर्म तथा कम्पनीहरूले फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र (नवीकरण भएको), कर चुक्ता प्रमाणपत्र, प्रोपाइटरको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र टिकटबापत रु. १० को नोटसमेत संलग्न गरी म्यादभित्र शिलबन्दी दरभाउपत्र फारम खरिद गरी आयोजना कार्यालय, च्याम्हासिङ्गमा शिलबन्दी दरभाउपत्र फारममा उल्लेखित सर्तहरूको अधिनमा रही रीतपूर्वकको शिलबन्दी दरभाउपत्र पेस गर्नुहुन आह्वान गरिएको छ । साथै शिलबन्दी दर भाउपत्रसम्बन्धी अन्य जानकारीको लागि भ.न.पा. वडा नं. ९ च्याम्हासिङ्गस्थित आयोजना कार्यालय वा फोन नं. ०१-६६२०९३२ मा सम्पर्क राख्नुहुन जानकारी गरिन्छ ।

तपसिल

सि.नं	कार्य विवरण	शिलबन्दी दरभाउपत्र दस्तुर	दरभाउपत्र खरिद गर्ने अन्तिम मिति	दरभाउपत्र बुझाउने अन्तिम मिति
१	Hospital Furniture Work कार्य	१०००।००	२०८०/११/२० गते दिनको ५:०० बजेभित्र	२०८०/११/२१ गते दिनको १२:०० बजेभित्र

दरभाउपत्र खोल्ने मिति : २०८०/११/२१ गते, सोमबार, दिनको २:०० बजे, भनपा कार्यालय ।

नेपालमै पहिलोपल्ट ISO 9001:2015 मान्यता प्राप्त कम्पनिद्वारा उत्पादित
मेरो घर Gorkha Eco Panel को छ
GORKHA ECO PANEL
गोर्खा इको प्यानल
स्थानीय श्रोत र प्रविधिको समेत प्रयोग गरौं, भूकम्प थेग्ने संरचना बनाऔं ।
मध्यपुर इन्जिनियरिङ्ग समाज द्वारा आयोजित
२६ औं भूकम्प दिवसको अवसरमा भएको प्रस्तुतीकरण कार्यक्रमका केहि झलकहरु
मितिः २०८० माघ ६ गते स्थानः थिमि बैंक्वेट, चारदोबाटो, मध्यपुर थिमि

ईन्टरनेशनल ग्रिन डेभलपर्स नेपाल प्रा. लि.(IGDN)
(Al Khajah Establishment & factories, Bahrain) संगको संयुक्त लगानीमा स्थापित
राधेराधे, मध्यपुर थिमि, भक्तपुर, नेपाल
०१-६६३२६९८, ६६३६६९८
facebook.com/GorkhaEcoPanel
info@gorkhaecopanel.com
www.gorkhaecopanel.com

हार्दिक समवेदना

जन्म १९९४
निधन २०८०/१०/२८

नेपाल क्रान्तिकारी किसान सङ्घको स्थापनाकालदेखि किसान आन्दोलन र नेपाल मजदुर किसान पार्टीका कार्यक्रमहरूमा सक्रियताका साथ सहभागी हुँदै आएका अग्रज किसान कार्यकर्ता **रामभक्त घटुवा**को २०८० माघ २८ गते दुःखद निधन भएकोमा दिवङ्गतप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

नेपाल मजदुर किसान पार्टी
भनपा २ वडा समिति

नेपाल क्रान्तिकारी किसान सङ्घ
भनपा २ वडा समिति

श्री गुरु गणेश बचत तथा ऋण सहकारी संस्था लि.
भक्तपुर-९, चोफल, फोन नं. ०१-६६१९५१८

ब्याज दर परिवर्तनसम्बन्धी सूचना

२०८० फागुन ५ गतेको सञ्चालक समितिको बैठकको निर्णयानुसार २०८० फागुन ६ गतेदेखि निम्नानुसार ब्याजदर लागू हुने गरी निर्णय भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । साथै ब्याज ३/३ महिनामा भुक्तानी गरिनेछ ।

बचतका प्रकार	साबिक ब्याजदर	परिवर्तित ब्याजदर
बाल बचत	९	८
नियमित बचत	७	६
ऐच्छिक र अनिवार्य ऐच्छिक बचत	७	६
दैनिक बचत	७	६
ज्येष्ठ बचत (३ वर्ष नाघेपछि रकम झिक्न पाउने ।)	९	८
स्वास्थ्य बचत (अङ्ग भङ्ग र अस्पताल भर्ना भएमा रकम झिक्न पाउने ।)	८	७
पर्व बचत (वर्षमा १ पटक मात्र कुनै एक पर्वमा रकम झिक्न पाउने ।)	८	७
आवधिक बचत (६ महिना)	११	१०
आवधिक बचत (१ वर्ष)	१२	११
ऋणका प्रकार	**साबिक ब्याजदर**	**परिवर्तित ब्याजदर**
धितो ऋण	१५	१४
धन जमानी ऋण	१६	१५
घरायसी ऋण	१५	१४
व्यापार व्यवसाय ऋण	१५	१४
हायर पर्चेज	१५	१४
शैक्षिक तथा स्वास्थ्य ऋण	१४	१३
दैनिक ऋण	१६	१५
मासिक किस्ताबन्दी ऋण	१५	१४
मुद्धती धित्तो ऋण	थप ३	थप २

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु ★ सम्पादक : विष्णुगोपाल कुसी ★ कार्यालय : कमलविनायक, भक्तपुर ★ फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७ ★ E-mail: majdurdaily@gmail.com ★ मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा